# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) मुकामः बुटवल, बैशाख १४ गते, २०७९ साल (अतिरिक्ताङ्क २


# भाग २

## प्रदेश सरकार

## वन, वातावरण तथा भू-संरक्षण मन्त्रालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७९।०१।१४ मा स्वीकृत भएको "प्रदेश वन नियमावली, २०७९" सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### प्रदेश वन नियमावली, २०७९

प्रदेश वन ऐन, २०७८ को दफा १११ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "प्रदेश वन नियमावली, २०७९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा;

(क) **"आवधिक योजना"** भन्नाले नियम ५ को उपनियम (३) बमोजिमको आवधिक योजना सम्झनु पर्छ ।

(ख) **"ऐन"** भन्नाले प्रदेश वन ऐन, २०७८ सम्झनु पर्छ ।

(ग) **"गिण्डा"** भन्नाले रुख कटान गर्दा उत्पादन भएका गोलिया काठलाई सम्झनु पर्छ ।

(घ) **"गैह्रकाष्ठ वन पैदावार"** भन्नाले काष्ठजन्य बाहेकका वन पैदावारलाई सम्झनु पर्छ ।

(ङ) **"टाढाका उपभोक्ता"** भन्नाले साझेदारी वन सिमाना देखि पाँच किलोमिटर भन्दा टाढाका उपभोक्ता सम्झनु पर्छ ।

(च) **"दस्तुर"** भन्नाले ऐन, नियम तथा प्रचलित कानुन बमोजिम वन पैदावारमा प्रदेश सरकारले लगाएको वा लगाउने शुल्क वा रकम सम्झनु पर्छ ।

(छ) **"रणनीतिक योजना"** भन्नाले नियम ५ को उपनियम (१) बमोजिमको रणनीतिक योजनालाई सम्झनु पर्छ ।

(ज) **"विकास आयोजना"** भन्नाले ऐनको दफा ४३ बमोजिमको वनक्षेत्र प्रयोग गर्न अनुमति प्राप्त गरेको विकास आयोजना वा योजना सम्झनु पर्छ ।

(झ) "**विधान**" भन्नाले साझेदारी वन व्यवस्थापन समूह, सामुदायिक वन उपभोक्ता समूह, धार्मिक वन उपभोक्ता समूह वा कबुलियती वन समूहको स्वीकृत विधानलाई सम्झनु पर्छ ।

(ञ) **“सङ्गठित संस्था”** भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भएका उपभोक्ता समूह, संघसंस्था, उद्योग वा कम्पनी, फर्म वा सहकारी संघ संस्थालाई सम्झनुपर्छ र सो शब्दले प्रदेश सरकारले ऐनको उद्देश्य हासिल गर्ने गरी वृक्षारोपण, वन उद्यम, वन पैदावारको आपूर्ति वा वन विकासका लागि स्थापना गरेका संस्थागत संरचना समेतलाई जनाउँने छ ।

(ट) **“स्थानीय तह”** भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

## परिच्छेद - २

## राष्ट्रिय वनको भू-उपयोग, सीमा निर्धारण तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **राष्ट्रिय वनको भू-उपयोग योजनाः** (१) ऐनको दफा ३ को उपदफा (२) बमोजिमको भू उपयोग योजना बनाउँदा देहायका विषयहरु समावेश गरी तयार गर्नु पर्नेछः-

(क) कानूनी आधार (लक्ष्य, उद्देश्य, नीति, रणनीति र कार्यनीति),

(ख) संघ, प्रदेश र स्थानीय तहको भूमिका र समन्वय गर्ने आधार,

(ग) अवधि,

(घ) राष्ट्रिय वन क्षेत्रको आधारभूत जानकारीहरुः-

(१) प्रदेशको भू उपयोग नीति,

(२) नक्सा,

(३) वन क्षेत्रको अवस्था र भू उपयोग,

(४) प्रदेशको आर्थिक-सामाजिक, भौगोलिक र साँस्कृतिक अवस्था,

(५) वन क्षेत्रका सम्भावना, चुनौती र अवसर.

(६) वन क्षेत्रका संगठन संरचना,

(७) वन क्षेत्रको योजना र भावि कार्यदिशा,

(८) रणनितिक योजना ।

(ङ) प्रदेश सरकारले तोकेका अन्य विषय ।

(२) उपनियम (१) बमोजिम तयार भएको भू-उपयोग योजना मन्त्रालयले स्वीकृतिको लागि प्रदेश सरकार समक्ष पेश गर्नेछ ।

४. **<u>राष्ट्रिय वनको सीमा निर्धारणः</u>** प्रदेश सरकारले ऐनको दफा ४ बमोजिम प्रदेशभित्रको राष्ट्रिय वनको सीमा निर्धारण गरी प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्नेछ।

५. **<u>रणनीतिक योजना तर्जुमा सम्वन्धी व्यवस्थाः</u>** (१) मन्त्रालयले प्रदेशभित्रको राष्ट्रिय वनको व्यवस्थापनको लागि एकिकृत रणनीतिक योजना तर्जुमा गरी प्रदेश सरकारको स्वीकृतिका लागि पेश गर्नेछ।

(२) उपनियम (१) बमोजिम तर्जुमा गरिने रणनीतिक योजनामा अनुसूची-१ बमोजिमका विषयहरु समावेश गर्नु पर्नेछ।

(३) ऐनको दफा ८ को उपदफा (२) बमोजिम आवधिक योजना बनाउँदा अनुसूची - २ बमोजिमको ढाँचामा बनाउनुपर्नेछ ।

६. **<u>संरचना हटाउने सम्बन्धी व्यवस्थाः</u>** (१) ऐनको दफा ६ को उपदफा (७) बमोजिम संरचना हटाउनको मन्त्रालयले वन अतिक्रमण नियन्त्रण रणनीति वनाई कार्यान्वयन गर्नेछ र रणनीति नबने सम्म प्रचलित

कानुन बमोजिम हुनेछ ।

७. **अनुमति पत्र सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ९ को उपदफा (२) बमोजिम अनुमती पत्र लिंदा अनुसूची - ३ बमोजिमको दस्तुर बुझाउनु पर्नेछ ।

(२) ऐनको दफा ९ को उपदफा (३) बमोजिम लिने दस्तुर मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद - ३
## सरकारद्वारा व्यवस्थित वन सम्बन्धी व्यवस्था

८. **सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापनः** (१) ऐनको दफा १० बमोजिम राष्ट्रिय वनलाई चकला वनको रुपमा व्यवस्थापन गर्नको लागि डिभिजन वन कार्यालयले अनुसूची - ४ बमोजिमका विषय समावेश गरी वन व्यवस्थापन कार्ययोजना तयार गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम तयार गरिएको वन व्यवस्थापन कार्ययोजना निर्देशनालयको सिफारिस सहित स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(३) उपनियम (२) बमोजिम स्वीकृत कार्ययोजना सम्बन्धित डिभिजन वन कार्यालयले कार्यान्वयन गर्नेछ ।

(४) यो नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुनुअघि प्रचलित कानुन बमोजिम स्वीकृत भएका वन सम्वर्द्धन प्रणालीमा आधारित कार्ययोजना आवश्यकता अनुसार परिमार्जन गरी कार्यान्वयन गर्नु पर्नेछ ।

## परिच्छेद-४

## संरक्षित वन सम्बन्धी व्यवस्था

९. **संरक्षित वनको कार्ययोजना र आम्दानीको बाँडफाँट सम्बन्धी व्यवस्थाः**

(१) संरक्षित वन परिषद्ले संरक्षित वनको व्यवस्थापनका लागि अनुसूची - ५ बमोजिमका विषयहरु समावेश गरी कार्ययोजना तयार गर्नुपर्नेछ ।

(२) संरक्षित वनको संरक्षण तथा व्यवस्थापनबाट प्राप्त आम्दानीको बाँडफाँट गर्दा चालिस प्रतिशत संरक्षित वन परिषद्को कोषमा र साठी प्रतिशत प्रदेश संचित कोषमा जम्मा गर्नुपर्नेछ ।

१०. **संरक्षित वन परिषद् कोष सम्बन्धी व्यवस्थाः** (१) संरक्षित वन परिषद्ले संरक्षित वनको संरक्षण र संवर्द्धन गर्न संरक्षित वन परिषद् कोष स्थापना गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछः

(क) सरकारी तथा गैर सरकारी निकायबाट प्राप्त रकम,

(ख) नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) वन पैदावारको विक्रिबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) परिषद्को कोष नेपाल राष्ट्र बैंङ्कबाट ईजाजत प्राप्त बैंकमा रहनेछ ।

(४) उपनियम (१) बमोजिम स्थापना भएको कोषको सञ्चालन संरक्षित वन परिषद् कोषको संयोजक र सदस्य सचिवको संयुक्त दस्तखतबाट हुनेछ । परिषद्को कोषको सञ्चालन नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कुनै एक बैंक वाट गर्नु पर्नेछ ।

(५) कोषको रकम संरक्षित वन परिषदले कम्तीमा पचास प्रतिसत बन विकास,बन संरक्षण लगायत बन ब्यबस्थापन कार्यमा खर्च गर्नु पर्नेछ ।

तर प्रशासनिक खर्च दश प्रतिशबत नबढ्ने गरी  बाँकी रकम परिषदको निर्णय अनुसार सामाजिक विकास कार्यमा खर्च गर्न सकिनेछ ।

(६) कोषको लेखा परीक्षण मान्यता प्राप्त लेखा परीक्षक वाट गराउनु पर्नेछ र सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र सम्बन्धित डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद ५

## साझेदारी वन सम्वन्धी व्यवस्था

११. **साझेदारी वन उपभोक्ता समूहको गठनः** (१) ऐनको दफा १८ बमोजिम राष्ट्रिय वनको कुनै भाग साझेदारी वनको रुपमा विकास र संरक्षण गर्न चाहने वनक्षेत्रको नजिक र टाढा रहेका परम्परागत उपभोक्ताहरुले उपभोक्ता समूह गठन गर्नका लागि सम्बन्धित डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन परेमा सम्बन्धित अधिकारीले आवश्यक सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउनु पर्नेछ।

(३) उपभोक्ताहरुले माग गरेको वनक्षेत्र साझेदारी वनको रुपमा व्यवस्थापन गर्न उपयुक्त देखिएमा उपनियम (२) बमोजिम खटिएको कर्मचारीले सम्बन्धित स्थानीय तहसँगको समन्वयमा उपभोक्ता समूह गठन गर्न र विधान तयार गर्न उपभोक्ताहरुलाई प्राविधिक सहयोग गर्नु पर्नेछ ।

(४) उपभोक्ता समूह गठन गर्दा वडा, गाउँपालिका, नगरपालिका वा जिल्लाको सिमानाले असर पार्ने छैन।

(५) उपभोक्ता समूहको विधान तयार गर्दा अनुसूची - ६ मा उल्लेखित विषय समावेश गरेको हुनुपर्नेछ।

(६) उपभोक्ता समूहको दर्ताका लागि समूह भेलाबाट विधान अनुमोदन गराई अनुसूची - ७ बमोजिमको ढाँचामा सम्बन्धित डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(७) उपनियम (६) बमोजिको निवेदन पर्न आएमा सम्बन्धित अधिकारीले साझेदारी वन उपभोक्ता समूह दर्ता गरी अनुसूची - ८ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

(८) उपभोक्ता समूह एक प्रतिनिधिमूलक संस्था हुनेछ ।

(९) उपभोक्ता समूहमा देहाय बमोजिमका सदस्यहरु रहने छन्ः-

(क) साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने प्रत्येक वडाको वडास्तरीय उपभोक्ता भेलावाट छनौट भएका कम्तीमा तीन जना महिला सहित समावेशी सिद्धान्तको आधारमा सात/सात जना उपभोक्ता,

तर कुनै उपभोक्ता सदस्य दुई पटक भन्दा बढी छनोट हुनेछैन ।

(ख) साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने प्रत्येक वडा समितिले मनोनित गरेका एक/एक जना जनप्रतिनिधि,

(ग) साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने प्रत्येक स्थानीय तहको कार्यपालिकाले तोकेको एक/एक जना जनप्रतिनिधि ।

(१०) उपभोक्ता समूहको सदस्यको पदावधि पाँच

वर्षको हुनेछ ।

(११) साझेदारी वन उपभोक्ता समूहको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समूह परिचालन सम्बन्धी कार्यविधि तथा साझेदारी वनको बिधान र व्यबस्थापन कार्ययोजना तयारी,

(ख) साझेदारी व्यबस्थापन कार्ययोजना कार्यान्वयनका लागि समिति गठन गर्ने ,

(ग) व्यबस्थापन कार्ययोजना कार्यान्वयनका लागि समितिलाई आबश्यक निर्देशन दिने ,

(घ) व्यबस्थापन कार्ययोजना कार्यान्वयनका लागि कार्यनीति बनाई जिम्मेवारी तोक्ने ,

(ङ) समूहको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ,वार्षिक प्रगति समीक्षा गरी खर्चको अनुमोदन गर्ने ,

(च) समूहको साधारण सभामा सहभागी हुने ,

(छ) समिति द्वारा सम्पादित कार्यको अनुगमन र मुल्यांकन गर्ने,

(ज) उपभोक्ता समूहको विधानमा उल्लेख भए बमोजिमका अन्य काम।

१२. <u>**साझेदारी वन व्यवस्थापन समिति गठनः**</u> (१) साझेदारी वन उपभोक्ता समूहका सदस्यहरु मध्येवाट साधारण सभाले छनौट गरेको देहाय बमोजिमको एउटा साझेदारी वन व्यवस्थापन समिति गठन हुनेछः-

(क) उपभोक्ता सदस्य मध्येबाट एक जना -अध्यक्ष

(ख) उपभोक्ता सदस्यमध्येवाट एक जना महिला -उपाध्यक्ष

(ग) प्रत्येक वडाबाट छनौट भई आएका उपभोक्ता समूहका सदस्यहरु मध्येबाट छनौट भएका प्रत्येक वडाका एक एक जना -सदस्य

(घ) जनप्रतिनिधि सदस्यहरु मध्येबाट कम्तीमा एकजना महिला सहित तीन जना -सदस्य

(ङ) सम्बन्धित अधिकारीले तोकेको सहायक वन अधिकृत एकजना -सदस्य सचिव

(२) साझेदारी वन व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समूहले तोकेको जिम्मेवारी वहन गर्ने, कार्ययोजना अनुसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने,

(ख) समूह परिचालन सम्बन्धी साधारण सभा बोलाउने,

(ग) समूहका साझेदार र सरोकारवाला बीच समन्वय गर्ने,

(घ) वन पैदावारको बिक्री वितरणलाई ब्यबस्तित र पारदर्शी बनाई प्रभावकारी अभिलेखीकरण गर्ने,

(ङ) कार्यान्वन इकाई र उप-समितिको कार्यविधि निर्धारण गर्ने, कार्यान्वयन इकाईको योजना पारित गर्ने,

(च) दैनिक कार्य सञ्चालन गर्न कर्मचारीको सेवा सर्त बनाई स्वीकृतिको लागि समूहको बैठकमा पेश गर्ने,

(छ) आबश्यकता अनुसार विषयगत उप-समिति गठन गर्ने र काम कर्तब्य र अधिकार तोक्ने ,

(ज) आवश्यक कर्मचारी नियुक्ति गर्ने,

(झ) लेखा परिक्षक नियुक्ति गर्ने, छनौट भएको लेखा परीक्षकबाट लेखा परीक्षण गराउने

(य) वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि समूहको बैठकमा पेश गर्ने

(ट) वन व्यवस्थापनको लागि कोष जुटाउने,

(ठ) कार्यान्वयन इकाईको गठन सञ्चालन र कार्यालयको ब्यबस्थापन गर्ने,

(ड) कार्यान्वयन इकाई र उप-समितिले गरेका सम्पूर्ण कार्यहरुको अनुगमन तथा मुल्याङ्कन गर्ने,

(ड) समूहले प्राप्त गरेको वन पैदावारमध्ये साझेदारी वन ब्यबस्थापन क्षेत्र बाहिर लिलाम बिक्री गर्नुपर्ने भएमा नियम अनुसार बिक्री गर्ने,

(ढ) ब्यबस्थापन योजनाको प्रभाबकारी कार्यान्वनका लागि आबश्यकता अनुसार उप-समिति गठन गर्ने ।

(३) समितिको पदावधि पाँच वर्षको हुनेछ ।

(४) साझेदारी वन व्यवस्थापन समितिको दैनिक कार्य सञ्चालन तथा साझेदारी वनको स्वीकृत कार्ययोजना कार्यान्वयन गर्न साझेदारी वन व्यवस्थापन समितिको अध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको कार्यान्वयन ईकाइ रहनेछः-

(क) साझेदारी वन व्यवस्थापन समितिको अध्यक्ष – संयोजक

(ख) साझेदारी वन व्यवस्थापन समितिका सदस्यहरु मध्येबाट छनौट भएका कम्तीमा एक जना महिला समेत दुई जना – सदस्य

(ग) समितिको सदस्य सचिव – सदस्य सचिव

(५) उपनियम (४) बमोजिम गठित कार्यान्वयन

इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उपभोक्ता समूहको वार्षिक कार्यक्रम तथा बजेट बनाई समितिमा पेश गर्ने,

(ख) कार्यान्वयनको प्रगति नियमित रुपमा समितिको बैठकमा पेश गर्ने,

(ग) उपभोक्ता समूहको कागजात, आम्दानी खर्च र चल अचल सम्पत्तिको विवरण दुरुस्त राख्ने,

(घ) दैनिक कार्य सञ्चालनको सिलसिलामा आवश्यक पर्ने निकायसंग समन्वय गर्ने,

(ङ) उप-समितिबाट सन्चालित कार्यहरुको अनुगमन गर्ने ।

(च) स्वीकृत वार्षिक कार्ययोजना बमोजिमका समितिले तोकेका कार्यहरु गर्ने,

१३. <u>उपभोक्ता समूहको कोष सञ्चालन सम्वन्धी व्यवस्थाः</u> (१) उपभोक्ता समूहको कोषको खाता उपभोक्ता समूहको अध्यक्ष र सम्बन्धित अधिकारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(२) कोषको रकम स्वीकृत वार्षिक कार्यक्रम र बजेट अनुसार खर्च गर्नु पर्नेछ।

(३) साझेदारी वन व्यवस्थापन समिति र कार्यान्वयन ईकाईको कार्य सञ्चालन खर्च उपभोक्ता समूहको कोषबाट ब्यहोरिनेछ।

(४) उपभोक्ता समूहले आफ्नो चल-अचल सम्पत्ती, आम्दानी-खर्चको लेखा तथा अभिलेख प्रचलित कानुन बमोजिम दुरुस्त राख्नु पर्नेछ।

(५) कोषको वार्षिक लेखापरीक्षण समूहले छनौट गरेको दर्तावाला लेखा परीक्षकबाट गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिमको लेखापरीक्षण प्रतिवेदनको एक प्रति नियम १४ बमोजिमको वार्षिक प्रतिवेदनसाथ संलग्न राखी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र डिभिजन वन कार्यालय र सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ।

(७) सम्बन्धित अधिकारी वा निजले खटाएको कर्मचारीले उपभोक्ता समूहले राखेको लेखा र अभिलेख आवश्यकता अनुसार जाँचबुझ गरी निर्देशन दिन सक्नेछ।

१४. **उपभोक्ता समूहले वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेः** उपभोक्ता समूहले आर्थिक विवरण र वनको स्थिति समेत खुलाई समूहले गरेका क्रियाकलापको अनुसूची - ९ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्वन्धित डिभिजन वन कार्यालय र स्थानीय तहमा पेश गर्नु पर्नेछ।

१५. **साझेदारी वनको कार्ययोजना तर्जुमाः** (१) ऐनको दफा १७ बमोजिम साझेदारी वनको कार्ययोजना तयार गर्दा अनुसूची - १० मा उल्लेखित विषय वस्तुहरु समावेश हुने गरी गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको कार्ययोजनाको अवधि दश वर्षको हुनेछ।

(३) स्वीकृत भएको कार्ययोजनामा कुनै संशोधन गर्नु पर्ने भएमा साझेदारी वन समूह र डिभिजन वन कार्यालयको सिफारिसमा निर्देशकले गर्न सक्नेछ।

१६. **कार्ययोजनाको कार्यान्वयनः** (१) साझेदारी वनको कार्ययोजनाको कार्यान्वयन गर्दा समितिले स्वीकृत कार्ययोजनाको अधीनमा रही वार्षिक कार्यक्रम तयार गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमका कार्य गर्नको लागि उपभोक्ता समूले वन प्राविधिक, विभिन्न निकाय र संघ संस्थाबाट सहयोग लिन सक्नेछ ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यो नियम प्रारम्भ हुनुअघि प्रचलित कानुन बमोजिम स्वीकृत भएका वन सम्वर्द्धन प्रणालीमा आधारित साझेदारी वनका कार्ययोजना आवश्यकता अनुसार परिमार्जन गरी कार्यान्वयन गर्नु पर्नेछ ।

१७. **साझेदारी वनको लगत राख्ने:** (१) साझेदारी वनको कार्ययोजना स्वीकृत भए पश्चात निर्देशनालयले लगत राखी सोको विवरण र एक प्रति कार्ययोजना मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) सम्बन्धित अधिकारीले साझेदारी वन उपभोक्ता समूहको लगत अध्यावधिक गरी राख्नु पर्नेछ र यस्तो लगत मन्त्रालयद्धारा सञ्चालित एकीकृत वन व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्न सकिनेछ।

१८. **गैह्रकाष्ठ वन पैदावारको उपयोग तथा बिक्री वितरण:** (१) ऐनको दफा १९ को उपदफा (१) बमोजिम साझेदारी वनबाट उत्पादित गैह्रकाष्ठ वन पैदावारको बाँडफाँट चालिस प्रतिशत साझेदारी वन उपभोक्ता समूहको र साठी प्रतिशत प्रदेश सरकारको हुनेछ ।

(२) स्वीकृत कार्ययोजनाको कार्यान्वयनबाट उपभोक्ता समूहको हिस्सामा परेको वन पैदावार अनुसूची -११, अनुसूची - ३५ र अनुसूची - ३६ मा उल्लेखित मूल्यमा नघटाई बिक्री वितरण गर्नु पर्नेछ।

(३) उपभोक्ता समूहलाई प्राप्त हुने गैरकाष्ठ वन पैदावार उपभोक्ता समूहले समूहभित्र बिक्री वितरण गर्दा लगत राखी अनुसूची - १२ बमोजिमको ढाँचामा तीन प्रति रसिद काटी उपलब्ध गराउनु पर्नेछ।

१९. **उपभोक्ता समूहबाहिर वन पैदावारको बिक्री वितरण तथा ओसारपसार:** (१) उपभोक्ता समूहले उपभोक्ता समूह वाहिर बिक्री गरेको वन

पैदावार ओसारपसार गर्न डिभिजन वन कार्यालयको सहमति लिई अनुसूची - १३ बमोजिमको ढाँचामा अनुमति पत्र दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बिक्री गर्दा प्रचलित कानुन बमोजिम खुल्ला प्रतिष्पर्धाबाट लिलाम बढाबढ गरी गर्नु पर्नेछ।

(३) उपभोक्ता समूहले वन पैदावार बिक्री वितरण गरेका रसिदहरु कम्तीमा पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ।

(४) उपभोक्ता समूहले बिक्री वितरण भएको वन पैदावारको लगत तथा आम्दानी र खर्चको हिसाब दुरुस्त राख्नु पर्नेछ।

(५) साझेदारी वनको काठ दाउरा ओसारपसार गर्दा डिभिजन वन कार्यालयको सहमति लिई डिभिजन वन कार्यालय र उपभोक्ता समूहको टाँचा र सिल लगाई समितिले अनुसूची - १३ बमोजिमको अनुमतिपत्र दिनु पर्नेछ।

२०. **साझेदारी वनमा गर्न नहुने कार्यः** (१) साझेदारी वनभित्र स्वीकृत कार्ययोजनाले निषेध गरेका कुनै पनि कार्यहरु गर्नु गराउनु हुदैन।

तर समूहले आफ्नो दैनिक कार्य सञ्चालनको लागि सम्बन्धित अधिकारीको स्वीकृतीमा तोकिएको स्थानमा कार्यालय भवन, वन संरक्षणका लागि टहरा, छाप्रो वा मचान एवं घाटगद्दी स्थल निर्माण गर्न बाधा पर्नेछैन।

(२) साझेदारी वन उपभोक्ता समूहले साझेदारी वनभित्र कुनै पनि प्रकारको अतिक्रमण हुन नदिने व्यवस्था मिलाउनु पर्नेछ र अतिक्रमण भए गरेमा तत्काल हटाउनु पर्नेछ।

(३) साझेदारी वन व्यवस्थापन समितिका पदाधिकारी वा कसैले विधान वा कार्ययोजना विपरित कार्य गरेमा त्यस्ता पदाधिकारी वा कसूरमा संलग्न व्यक्तिलाई प्रचलित कानुन बमोजिम कारबाही हुनेछ।

## परिच्छेद-६

## सामुदायिक वन सम्बन्धी व्यवस्था

२१. **सामुदायिक वन उपभोक्ता समूहको गठनः** (१) सामुहिक हितका लागि सामुदायिक वनको रुपमा कुनै वनको संरक्षण, विकास र व्यवस्थापन गर्न चाहने र पायक पर्ने उपभोक्ताहरुले ऐनको दफा ३० बमोजिमको उपभोक्ता समूह गठन गर्न डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा सम्बन्धित अधिकारीले प्राविधिक कर्मचारी खटाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) उपनियम (१) बमोजिम माग गरिएको वनक्षेत्र सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न उपयुक्त देखिएमा उपनियम (२) बमोजिम खटिएको कर्मचारीले आवश्यकता अनुसार सम्बन्धित वडा कार्यालयको समेत सहयोग लिई उपभोक्ता समूह गठन गर्न र विधान तयार गर्न उपभोक्ता समूहलाई सहयोग गर्नु पर्नेछ।

(४) उपभोक्ता पहिचान गरी समूह गठन गर्दा वडा, गाउँपालिका, नगरपालिका, जिल्ला वा प्रदेशको सिमानाले असर पार्ने छैन।

(५) सामुदायिक वन उपभोक्ता समूहको विधानमा अनुसूची - १४ मा उल्लेखित विषय समावेश भएको हुनुपर्नेछ।

(६) उपनियम (५) बमोजिम तयार भएको सामुदायिक वन उपभोक्ता समूहको विधान समूहको साधारण सभाबाट पारित गरी समूह दर्ताको लागि अनुसूची - ७ बमोजिमको ढाँचामा सम्बन्धित सब डिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(७) उपभोक्ता समूह ऐन तथा यस नियमावली

बमोजिम गठन भएमा सम्बन्धित अधिकारीले सामुदायिक वन उपभोक्ता समूह दर्ता गरी अनुसूची - ८ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

(८) उपभोक्ता समूहको कार्यसञ्चालनका लागि एक कार्यसमिति रहनेछ र कार्यसमितिको अध्यक्ष वा सचिवमध्ये कुनै एक पदमा महिला हुनुपर्नेछ ।

(९) उपनियम (८) बमोजिमको कार्यसमितिमा कम्तीमा पचास प्रतिशत महिला हुनु पर्नेछ ।

(१०) कार्यसमितिको पदावधि पाँच वर्षको हुनेछ र कार्यसमितिको अध्यक्ष, सचिव वा कोषाध्यक्ष पदमा बसेको व्यक्ति दुई कार्यकाल भन्दा बढी कार्यसमितिमा रहन पाउने छैन ।

(११) ऐनको दफा ३० को उपदफा (६) बमोजिम कुनै उपभोक्ता समूह एक आपसमा गाभिन चाहेमा साधारण सभाको निर्णय सहित डिभिजन वन कार्यालयमा संयुक्त निवेदन दिनु पर्नेछ ।

(१२) उपनियम (११) बमोजिम गाभिन चाहने उपभोक्ता समूहहरुको निवेदन पर्न आएमा आवश्यक जाँचबुझ गरी सम्बन्धित अधिकारिले एउटै समूह कायम गर्नेछ र उक्त समूहहरुको विधान तथा कार्ययोजनामा आवश्यक परिमार्जनका लागि निर्देशन दिनेछ ।

२२. **<u>उपभोक्ता समूहको कोष सञ्चालन सम्वन्धी व्यवस्थाः</u>** (१) कोषको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) उपभोक्ता समूहले कोषको रकम खर्च गर्दा वार्षिक साधारण सभाले स्वीकृत गरेको कार्यक्रम र बजेट अनुसार मात्र गर्नु पर्नेछ र वार्षिक कार्यक्रम तयार गर्दा समूहले सम्बन्धित सव डिभिजन वन कार्यालयको परामर्श लिनु पर्नेछ ।

(३) कोषको आम्दानी खर्चको अभिलेख प्रचलित

कानुन बमोजिम दुरुस्त राख्नु पर्नेछ।

(४) कोषको आम्दानी र खर्चको वार्षिक लेखापरीक्षण दर्तावाला लेखा परीक्षकबाट गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको लेखापरीक्षण प्रतिवेदनको एक-एक प्रति उपभोक्ता समूहले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र डिभिजन वन कार्यालय र सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ।

(६) सम्बन्धित अधिकारी वा निजले खटाएको कर्मचारीले उपभोक्ता समूहले राखेको लेखा र अभिलेख आवश्यकता अनुसार जाँचबुझ गरी निर्देशन दिन सक्नेछ ।

२३. **उपभोक्ता समूहले वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेः** उपभोक्ता समूहले अनुसूची-९ बमोजिमको ढाँचामा आर्थिक विवरण र वनको स्थिति समेत खुलाई वर्षभरी गरेका क्रियाकलाप समेटी वार्षिक प्रतिवेदन तयार गर्नु पर्नेछ र सोको एक-एक प्रति उपभोक्ता समूहले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र डिभिजन वन कार्यालय र सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ।

२४. **कार्ययोजना तर्जुमा र वन हस्तान्तरणः** (१) ऐनको दफा २२ बमोजिम सामुदायिक वन व्यवस्थापन गर्न चाहने उपभोक्ता समूहले अनुसूची -१५ बमोजिमको ढाँचामा सम्बन्धित अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा सम्बन्धित अधिकारीले ऐन र यस नियमावली बमोजिम सामुदायिक वनको कार्ययोजना तयार गर्न प्राविधिक कर्मचारी खटाई सम्बन्धित उपभोक्ता समूहलाई आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) उपभोक्ता समूहले ऐनको दफा २३ बमोजिमको कार्ययोजना अनुसूची - १६ बमोजिमको विषय समावेश गरी तयार गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम तयार भएको कार्ययोजना समूहको साधारण सभाबाट पारित गराई स्वीकृतिको लागि सम्बन्धित अधिकारी समक्ष पेश गर्नुपर्नेछ।

(५) उपनियम (४) बमोजिम पेश हुन आएको कार्ययोजना सम्बन्धित अधिकारीले थप परिमार्जन गर्नुपर्ने देखिएमा परिमार्जन गरी कार्ययोजना स्वीकृत गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिम कार्ययोजना स्वीकृत भए पश्चात सम्बन्धित अधिकारीले अनुसूची - १७ बमोजिमको ढाँचामा वन हस्तान्तरणको प्रमाणपत्र दिनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम स्वीकृत भएको कार्ययोजनाको कार्यान्वयन उपभोक्ता समूहले गर्नेछ।

(८) सामुदायिक वन उपभोक्ता समूहले कार्ययोजना कार्यान्वयन गर्नको लागि अन्य निकायबाट आवश्यक सहयोग लिन सक्नेछ।

(९) एउटा जिल्लामा रहेको कुनै वनक्षेत्र सिमाना जोडिएको अर्को जिल्लाको कुनै उपभोक्ता समूहलाई सामुदायिक वनको रुपमा हस्तान्तरण गर्नुपर्ने भएमा वनक्षेत्र रहेको जिल्लाको सम्बन्धित अधिकारीले उक्त उपभोक्ता समूह अवस्थित रहेको सम्बन्धित अधिकारीको सिफारिसमा सामुदायिक वन हस्तान्तरण गर्न सक्नेछ।

(१०) उपभोक्ता समूहले प्रत्येक दश वर्षमा वा सो अगावै ऐनको दफा २४ बमोजिम हुने गरी कार्ययोजनामा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

(११) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको

भए तापनि यस नियमावली प्रारम्भ हुनुअघि प्रचलित कानुन बमोजिम स्वीकृत भएका वन सम्वर्द्धन प्रणालीमा आधारित सामूदायिक वनका कार्ययोजना आवश्यकता अनुसार परिमार्जन गरी कार्यान्वयन गर्नु पर्नेछ ।

२५. **<u>सामुदायिक वनको लगतः</u>** (१) सम्बन्धित अधिकारीले उपभोक्ता समूहलाई हस्तान्तरण गरेका सामुदायिक वनको लगत अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम लगत राख्दा उपभोक्ता समूहको नाम, ठेगाना, उपभोक्ता समूहको कोड, दर्ता मिति, उपभोक्ता घरधुरी संख्या, कार्यसमितिमा रहेका महिला, पुरुष, आदिबासी जनजाति, मधेशी र दलित लगायतको संख्या, वनको क्षेत्रफल, वनको किसिम, वनमा पाईने मुख्य रुख तथा जडीबुटी प्रजातीको विवरण समूहको कोड अनुसार राख्नु पर्नेछ र सामुदायिक वन उपभोक्ता समूहको कोड निर्देशनालयले अध्यावधिक गर्नेछ।

(३) उपनियम (२) बमोजिमको लगत सम्बन्धित अधिकारीले मन्त्रालयले तयार गरेको एकीकृत वन व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्न सक्नेछ।

२६. **<u>सामुदायिक वन फिर्ता सम्बन्धी ब्यवस्थाः</u>** ऐनको दफा २५ बमोजिम सामुदायिक वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित अधिकारीले कम्तीमा अधिकृतस्तर (सातौं) तहको वन कर्मचारीलाई स्थलगत रुपमा सामुदायिक वन क्षेत्रमा खटाई कार्ययोजना बिपरीत भए नभएको, वातावरणमा उल्लेखनीय प्रतिकुल असर परे नपरेको सम्बन्धमा छानविन गराउनु पर्नेछ र त्यस्तो कर्मचारीले पेश गरेको प्रतिबेदन समेतको आधारमा सामुदायिक वन फिर्ता लिन सक्नेछ ।

२७. **वन व्यवस्थापन र वन पैदावारको सङ्कलनः** (१) उपभोक्ता समूहले आफ्नो सामुदायिक वनको व्यवस्थापन स्वीकृत कार्ययोजना बमोजिम गर्नु पर्नेछ ।

(२) उपभोक्ता समूहले कार्ययोजनामा उल्लेख भएका वन संरक्षण, व्यवस्थापन तथा विकासका वार्षिक कार्यहरू तोकिएको समयमै सम्पन्न हुने व्यवस्था सुनिश्चित गर्नु पर्नेछ।

(३) उपभोक्ता समूहले वन पैदावार सङ्कलन गर्नुपूर्व सव डिभिजन वन कार्यालयको सहयोगमा छपान मूल्याङ्कन गरी सम्बन्धित अधिकारीको सहमति लिनु पर्नेछ।

(४) उपभोक्ता समूहले सामुदायिक वनवाट कार्ययोजना बमोजिम प्राप्त हुने काठ दाउरा सङ्कलन गर्दा समूहका सदस्यहरुलाई प्राथमिकता दिनुपर्नेछ ।

(५) उपनियम (४) बमोजिम वन पैदावारको सङ्कलन हुन नसकेमा उपभोक्ता समूहले प्रचलित कानुन अनुसार प्रतिस्पर्धा गराई सबैभन्दा कम मूल्यमा वन पैदावार सङ्कलन गर्न कबोल गर्नेलाई अनुसूची - १८ बमोजिमको सङ्कलन अनुमतिपत्र दिई सङ्कलन कार्यमा लगाउनु पर्नेछ।

(६) काठ दाउरा वाहेकको जडीबुटी र अन्य वन पैदावारको सङ्कलनको लागि उपभोक्ता समूहले अनुसूची - १८ बमोजिमको सङ्कलन अनुमतिपत्र दिई सङ्कलन गर्नु पर्नेछ।

(७) उपभोक्ता समूहले सङ्कलन गरेको काठ दाउरा नापजाँच र ग्रेडिङ गरी सम्बन्धित अधिकारीले तोकेको स्थानमा काठदाउरा सुरक्षित हुनेगरी घाटगद्दी गर्नु पर्नेछ।

२८. **वन पैदावारको बिक्री वितरण र अनुमतिपत्रः** (१) उपभोक्ता समूहले नियम २७ बमोजिम सङ्कलन गरी घाटगद्दी गरेको काठ दाउरा समूह

सदस्यलाई बिक्री वितरण गर्दा अनुसूची - १९ बमोजिमको ढाचाँमा तीन प्रति रसिद बनाई एक प्रति खरिद गर्ने व्यक्तिलाई, एक प्रति सम्बन्धित सव डिभिजन वन कार्यालयलाई र एक प्रति समूहको कार्यालयमा राख्नु पर्नेछ।

(२) घाटगद्दीमा रहेको काठ दाउरा उपनियम (१) बमोजिम समूहभित्र बिक्री वितरण गरी बाँकी रहेको काठ दाउरामध्ये कम्तीमा पच्चीस प्रतिशत उपलब्ध गराउदा अनुसुची- ११ बमोजिमको मूल्यमा कटान मुछान, ढुवानी, लोडअनलोड, चिरान लगायतको लागत खर्च जोडी जिल्ला वन पैदावार आपूर्ति समितिलाई काठ दाउरा उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम बिक्री वितरण गरी बाँकी रहेको काठ दाउरा डिभिजन वन कार्यालयको सहमति लिएर समूह वाहिर बिक्री गर्न सकिनेछ र त्यसरी बिक्रि गर्दा राजश्वको मूल्य भन्दा कममा बिक्री वितरण गर्न पाईने छैन ।

(४) उपनियम (३) बमोजिम समूह वाहिर काठ दाउरा बिक्री गर्दा काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्न अनुमति प्राप्त गरी सञ्चालनमा रहेकाले मात्र प्रतिस्पर्धामा भाग लिन पाउनेछन्।

(५) उपभोक्ता समूहले काठ दाउरा, जडीबुटी तथा अन्य वन पैदावार आफ्नो समूह बाहिर बिक्री वितरण गर्दा अनुसूची - १९ बमोजिमको तीन प्रति रसिद काटनु पर्नेछ।

(६) उपभोक्ता समूहले समूहका सदस्यले एकल वा सामुहिक रुपमा स्थापना र सञ्चालन गरेको वनसम्बन्धी उद्यमका लागि अनुसूची - ११ मा तोकिएको मूल्यमा नघट्ने गरी वन पैदावार उपलब्ध गराउन सक्नेछ।

(७) उपभोक्ता समूहले वन पैदावार बिक्री वितरण गरेका रसिद लगायतका कागजात कम्तीमा पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ।

(८) उपभोक्ता समूहले वन पैदावार उत्पादन र बिक्री वितरणको अद्यावधिक विवरण आफ्नो कार्यालयमा व्यवस्थित रुपमा राखी सोको विवरण नियमित रुपमा डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ।

(९) कार्ययोजनाको परिधिमा रही छपान मूल्याङ्कन गरी खडा तथा ढलापडा रुखहरु वन पैदावारमा आधारित उद्योग व्यवसायीलाई प्रतिस्पर्धा गराई निश्चित अवधि तोकि सम्झौता गरी बिक्री गर्न सकिनेछ ।

(१०) उपनियम (९) बमोजिम बिक्री गरेको रुखहरुबाट उत्पादन भएको वन पैदावारको यथार्थ परिमाणको आधारमा कबोल दररेट अनुसार मूल्य लिईनेछ ।

२९. **सामुदायिक वनको वन पैदावार ओसारपसारः** समितिले सामुदायिक वनको काठ दाउरा ओसारपसार गर्दा डिभिजन वन कार्यालयको सहमति लिई डिभिजन वन कार्यालय र उपभोक्ता समूहको टाँचा र सिल लगाई अनुसूची - १३ बमोजिमको अनुमतिपत्र दिनु पर्नेछ।

३०. **सामुदायिक वनको केही भाग विपन्न उपभोक्तालाई कबुलियतनामा गरी उपलब्ध गराउन सक्ने सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा २९ बमोजिम वन उपलब्ध गराउँदा स्वीकृत कार्ययोजनामा उल्लेख गर्नुपर्नेछ ।

(२) उपभोक्ताको स्वामित्वमा रहेको कृषियोग्य जमिन, जमिनको उत्पादकत्व, निजको परिवारको रोजगारी र आयआर्जनको

अवस्था, आर्थिक र सामाजिक अवसरमा पहुँच लगायतका आधारमा विपन्न उपभोक्ताको पहिचान गरी वन उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको वन क्षेत्र उपलब्ध गराउँदा अनुसूची-२० बमोजिमको ढाँचामा सम्झौता गरी कवुलियतनामा गराउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम वन क्षेत्र उपलब्ध गराउदा बीस प्रतिशत भन्दा कम छत्रघनत्व भएको वन क्षेत्र मात्र उपलब्ध गराउनु पर्ने छ ।

(५) उपभोक्ता समूहले स्वीकृत कार्ययोजनामा उल्लेख गरी गरिबीको रेखामुनी रहेका वा प्राकृतिक विपद्मा परेका उपभोक्ताहरुलाई सहुलियत दरमा वा निःशुल्क वन पैदावार उपलव्ध गराउन र अन्य सहुलियत प्रदान गर्न सक्नेछ।

## परिच्छेद - ७

## कबुलियती वन सम्वन्धी व्यवस्था

३१. **व्यवसायिक कबुलियती वन उपलब्ध गराउदा प्रस्ताव माग गर्नुपर्नेः** (१) सम्बन्धित अधिकारीले नियम ५ बमोजिमको रणनीतिक योजनाको अधिनमा रही ऐनको दफा ३५ को उपदफा (१) बमोजिम कबुलियती वन उपलब्ध गराउन सकिने वन क्षेत्रको विवरण वार्षिक रुपमा अध्यावधिक गरी निर्देशनालयमा पठाउनुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको विवरणमा देहायका विषयहरु उल्लेख भएको हुनुपर्नेछः-

(क) झाडी बुट्यान वा वनको किसिम,

(ख) बीस प्रतिशत वा सो भन्दा कम छत्र घनत्व भएको वनक्षेत्र,

(ग) अतिक्रमण भई फिर्ता लिएको वनक्षेत्र वा अतिक्रमण हुनसक्ने वनक्षेत्र,

(घ) प्राकृतिक प्रकोपका कारण क्षति भई पुनर्स्थापना वा पुनः उकास भएको,

(ङ) भू–संरक्षणको हिसाबले संवेदनशील तथा संरक्षण गर्नुपर्ने,

(च) रणनीतिक योजनाले तोकेको वन क्षेत्र ।

(३) निर्देशनालयले उपनियम (२) बमोजिम प्राप्त विवरणको आधारमा आवश्यकता अनुसार स्थलगत अनुगमन समेत गरी राष्ट्रिय वनको त्यस्तो भाग कबुलियती वनको रुपमा प्रदान गर्न उपयुक्त लागेमा विवरण खुलाई विभिन्न वनक्षेत्रको लागि राष्ट्रियस्तरको दैनिक पत्रिकामा तीस दिने सूचना प्रकाशित गरी शिलवन्दी प्रस्ताव आह्वान गर्नु पर्नेछ र त्यस्तो प्रस्ताव आह्वान सम्बन्धी सूचना मन्त्रालय, निर्देशनालय र सम्बन्धित डिभिजन वन कार्यालयको वेबसाइटमा समेत राख्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम आह्वान गरेको प्रस्तावमा सहभागी हुन चाहने इच्छुक संङ्गठित संस्थाले अनुसूची - २१ मा उल्लिखित विषयहरु समावेश गरी प्राविधिक र आर्थिक प्रस्ताव तयार गरी निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको प्रक्रियामा कम्तीमा तीनवटा प्रस्ताव पेश हुन नआएमा निर्देशनालयले सोको पुनः सूचना प्रकाशन गर्नु पर्नेछ।

३२. **प्रस्तावको मुल्याङ्कन गर्नेः** (१) नियम ३१ बमोजिमको प्रस्ताव पेश हुन आएमा निर्देशनालयले स्थलगत अनुगमनको लागि प्राविधिक टोली खटाउनु पर्नेछ र उक्त टोलीले प्राविधिक प्रस्तावमा उल्लेखित

विवरणलाई स्थलगत वस्तुस्थितिसँग भिडाइ आवश्यक जाँचबुझ गर्दा उपयुक्तताको आधारमा उक्त वनक्षेत्रलाई कबुलियती वनको रुपमा प्रदान गर्न उपयुक्त देखिएमा निर्देशनालयमा सिफारिस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको टोलीले सिफारिस गरेका प्रस्तावको प्राविधिक र आर्थिक मूल्याङ्कन गर्नको लागि देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछः-

(क) निर्देशक –अध्यक्ष

(ख) सम्बन्धित महाशाखा प्रमुख, मन्त्रालय –सदस्य

(ग) अधिकृत प्रतिनिधी, प्रदेश कोष लेखा नियन्त्रकको कार्यालय –सदस्य

(घ) कानुन अधिकृत, मन्त्रालय -सदस्य

(ङ) सम्बन्धित अधिकृत (नवौं/दशौं), निर्देशनालय – सदस्य-सचिव

(३) मूल्याङ्कन समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) मूल्याङ्कन समितिले प्राविधिक प्रस्तावको मूल्याङ्कन देहाय बमोजिमको आधारमा गर्नु पर्नेछः-

(क) वन, वातावरण तथा जैविक विविधताको संरक्षणमा योगदान,

(ख) भू-क्षय तथा प्राकृतिक प्रकोप नियन्त्रणमा योगदान,

(ग) वनक्षेत्रको वरपर रहने बासिन्दाहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारीको सिर्जनाको सम्भावना,

(घ) स्थानीयस्तरमा आर्थिक क्रियाकलाप अभिवृद्धि हुने सम्भावना,

(ङ) वातावरण संरक्षणसँग सम्बन्धित अन्य विषयहरु।

(५) उपनियम (४) बमोजिम मूल्याङ्कन गर्दा प्राविधिक प्रस्तावमा साठी प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गर्नेको आर्थिक प्रस्ताव खोली आर्थिक प्रस्तावमा सबैभन्दा बढी रकम प्रस्ताव गर्नेलाई कबुलियती वन प्रदान गर्न सिफारिस गर्नु पर्नेछ।

(६) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ३५ को उपदफा (१) को खण्ड (क) र (ख) मा उल्लेखित प्रयोजनको लागि माग गर्ने सङ्गठित संस्थालाई प्राथमिकता दिनु पर्नेछ।

(७) मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

(८) यस नियम बमोजिम मूल्याङ्कन गर्दा सबैभन्दा उपयुक्त ठहर भएको प्रस्ताव पेश गर्ने सङ्गठित संस्थालाई कबुलियती वन प्रदान गर्नका लागि मूल्याङ्कन समितिको निर्णय र निर्देशनालयको राय सहित मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(९) मन्त्रालयले निर्देशनालयले पेश गरेको रायको आधारमा कबुलियती वन उपलब्ध गराउन प्रदेश सरकार समक्ष स्वीकृतिको लागि पेश गर्नेछ।

३३. **व्यावसायिक कबुलियती वनको अवधि र कार्ययोजनाः** (१) नियम ३२ बमोजिम प्रदेश सरकारबाट कबुलियती वन प्रदान गर्न स्वीकृति प्राप्त भएमा निर्देशनालयले सङ्गठित संस्थालाई ऐन र यस नियमावलीको परिधिभित्र रही कबुलियती वनको कार्ययोजना तयार गर्न लगाउनु पर्नेछ।

(२) निर्देशनालयले उपनियम (१) बमोजिमको कार्ययोजना स्वीकृत गरी तोकिएको सर्त बमोजिम अनुसूची - २२ को ढाँचामा कबुलियतनामा गराई बढीमा चालीस वर्षको लागि अनुसूची - २३ अनुसारको कबुलियती वनको प्रमाणपत्र दिनेछ र यस्तो प्रमाणपत्र वार्षिक रुपमा नवीकरण गर्नु पर्नेछ ।

(३) निर्देशनालयले उपनियम (२) बमोजिम कवुलियतनामाको सर्त तोक्दा प्रस्तावकले देहाय बमोजिमका कार्य गर्न नपाउने गरी निषेध गर्नु पर्नेछः-

(क) मन्त्रालयको पूर्व स्वीकृति नलिई वन क्षेत्रभित्र बग्ने नदीनाला, खोलाको स्रोत थुनछेक गर्न वा फर्काउन,

(ख) वनस्पतिको विकासमा अवरोध पुऱ्याउन, जीवजन्तुको वासस्थानमा हानि नोक्सानी पुऱ्याउन, प्राकृतिक वा भौतिक स्वरुप विगार्न वा सिमसार क्षेत्रको पर्यावरणीय स्थितिमा प्रतिकूल असर पुऱ्याउन,

(ग) कबुलियतमा लिएको क्षेत्र बाहेक अन्य वनक्षेत्र अतिक्रमण गर्न, गराउन,

(घ) जलचर वा अन्य कुनै किसिमका जनावर पशु पन्छी वा जीवजन्तुलाई हानि नोक्सानी हुने गरी कुनै किसिमको विषादी प्रयोग गर्न, गराउन,

(ङ) ढुङ्गा, गिट्टी, वालुवा झिक्न वा खानी सञ्चालन गर्न,

(च) वरिपरिका स्थानीय बासिन्दाको सामाजिक तथा सांस्कृतिक रीतिरिवाज र सांस्कृतिक

तथा धार्मिकस्थलमा अवरोध पुग्ने कार्य गर्न गराउन वा बाटोघाटो खोलानालाको निर्वाध उपयोग जस्ता परम्परागत अधिकारको उपयोगमा व्यवधान उत्पन्न गर्न गराउन,

(छ) कवुलियतीनामा र कार्ययोजनामा उल्लेख भएको बाहेक अन्य भौतिक संरचना निर्माण गर्न,

(ज) कबुलियती वनभित्रको बाटोमा कालोपत्रे गर्न ।

(४) कबुलियती वनको अवधि समाप्त भएपछि कबुलियती वनमा रहेको चल अचल सम्पति मन्त्रालय मार्फत प्रदेश सरकारलाई बुझाउनु पर्नेछ र फिर्ता आएको कबुलियती वन मन्त्रालय आफैले व्यवस्थापन गर्न वा प्रतिस्पर्धा गराई कुनै सङ्गठित संस्थालाई व्यवस्थापन गर्न दिन सक्नेछ ।

(५) कबुलियती वन प्राप्त गर्ने सङ्गठित संस्थाले सम्झौतामा उल्लेखित म्यादभित्र कार्ययोजना अनुसारको कार्य सुरु गर्न नसकेमा र सोको मनासिव कारण देखाई निवेदन दिएमा निर्देशनालयले कबुलियती वनको कार्य सुरु गर्ने म्याद बढीमा छ महिनाको लागि थप गर्न सक्नेछ र सो म्यादभित्र पनि कार्ययोजना बमोजिमको कार्य सुरु नगरेमा कबुलियती वन लिने सङ्गठित संस्थासँग भएको सम्झौता स्वतः खारेज हुनेछ।

(६) यस नियमावली बमोजिम कबुलियती वन उपलब्ध गराएपछि निर्देशनालयले त्यसको लगत राखी सोको जानकारी मन्त्रालय र डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ ।

३४. **सेयर सम्बन्धी व्यवस्थाः** कबुलियती वनमा सञ्चालन हुने उद्योग व्यवसायमा कवुलियतनामामा उल्लेख भए अनुसार स्थानीय

उपभोक्तालाई सेयर उपलब्ध गराउनु पर्नेछ ।

३५. **कबुलियती वनको वार्षिक दस्तुरः** (१) कबुलियती वनको न्यूनतम वार्षिक दस्तुर अनुसूची - २४ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिमको दस्तुरको अतिरिक्त कबुलियती वनले प्रदान गर्ने बस्तु वा सेवा बिक्री गरे बापत प्राप्त हुने वार्षिक आम्दानीको एक प्रतिशत रकम संरक्षण शुल्क वापत वन विकास कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) कबुलियती वन लिने सङ्गठित संस्थाले प्रत्येक आर्थिक वर्षको आषाढ मसान्तसम्ममा सम्झौतामा उल्लेख भए बमोजिमको वार्षिक दस्तुर निर्देशनालयमा बुझाउनु पर्नेछ।

(४) सङ्गठित संस्थाले उपनियम (३) बमोजिमको म्यादभित्र दस्तुर बुझाउन नसकेको मनासिव कारण खुलाई तीन महिनाभित्र कवुलियतनामा बमोजिम लाग्ने दस्तुरको पच्चीस प्रतिशत थप दस्तुर सहित निर्देशनालयमा बुझाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको म्यादभित्र दस्तुर नबुझाउने सङ्गठित संस्थासँग भएको कवुलियतनामा निर्देशनालयले खारेज गर्नेछ ।

३६. **कबुलियती वनको संरक्षणः** (१) नियम ३३ बमोजिम कबुलियती वन उपलब्ध गराउँदाका बखत त्यसमा रहेका रुखको स्वामित्व प्रदेश सरकारको हुनेछ र कबुलियती वन लिने सङ्गठित संस्थाले त्यस्ता रुख विरुवा लगायत कबुलियती वनको संरक्षणको उचित व्यवस्था गर्नु पर्नेछ।

(२) कबुलियती वन उपलब्ध गराउदाका बखत त्यसमा रहेका रुख विरुवाको सर्वेक्षण तथा मूल्याङ्कन गरी सोको बढीमा बीस प्रतिशत सम्मको रकम कबुलियती वन लिने संस्थाबाट धरौटी लिनु पर्नेछ ।

(३) कबुलियती वन लिने सङ्गठित संस्थाले कबुलियती वनको संरक्षणको लागि कुनै सहयोग माग गरेमा डिभिजन वन कार्यालयले आवश्यक सहयोग उपलब्ध गराउन र अन्य निकाय समक्ष सहयोगका लागि सिफारिस गर्न सक्नेछ।

(४) कबुलियती वनमा उपनियम (२) बमोजिमका रुख ढलेमा सङ्गठित संस्थाले डिभिजन वन कार्यालयलाई जानकारी गराउनु पर्नेछ र जानकारी प्राप्त भएमा डिभिजन वन कार्यालयले यस नियमावली बमोजिम सङ्कलन गर्नु पर्नेछ ।

(५) कबुलियती वन उपलब्ध गराउँदाका बखत त्यसमा रहेका रुख कबुलियती वनको स्वीकृत कार्ययोजना कार्यान्वयन गर्दा वा अन्य कुनै मनासिव कारणले हटाउनु पर्ने भएमा डिभिजन वन कार्यालयले हटाउन सक्नेछ ।

(६) यो नियमावली प्रारम्भ हुनुअघि कुनै संगठित संस्थाले वन क्षेत्रको जग्गामा व्यवसायिक वा पर्यापर्यटन लगायतका कार्य सञ्चालन गरेको भए यो नियमावली प्रारम्भ भएको मितिले एक वर्षभित्र यस नियमावली बमोजिम व्यवसायिक कबुलियती वनको रुपमा उपयोग गर्नका लागि नियमानुसार प्रस्ताव पेश गर्नुपर्नेछ ।

(७) उपनियम (६) बमोजिम प्रस्ताव पेश भएमा निर्देशनालयले प्रस्ताव मुल्याङ्कन गरी यस नियमावली बमोजिम कबुलियती बनको प्रमाणपत्र दिन सक्नेछ ।

(८) उपनियम (६) बमोजिमको अवधिभित्र प्रस्ताव पेश नभएमा निर्देशनालयले सम्बन्धित अधिकारीलाई उक्त वन क्षेत्र खाली गराउन आदेश दिनेछ ।

३७. <u>**वन पैदावारको उत्पादन र उपयोगः**</u> (१) कबुलियती वनको वन पैदावारको उपयोग वा बिक्री वितरण कार्ययोजनामा व्यवस्था भए अनुसार गरिनेछ।

(२) कबुलियती वन लिने सङ्गठित संस्थाले कबुलियती वनमा वृक्षारोपण गरेको वन पैदावारको प्रजाती र परिमाण खुलाई प्रत्येक वर्ष डिभिजन वन कार्यालयलमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

३८. **व्यवसायिक कबुलियती वनमा गर्न नहुने कार्यः** (१) व्यवसायिक कबुलियती वनमा देहाय बमोजिमका कुनै कार्यहरु गर्न वा गराउन हुँदैनः-

(क) कबुलियती वनले चर्चेको जग्गा बिक्री गर्न, धितो राख्न वा कुनै किसिमले भोगाधिकार वा हक हस्तान्तरण गर्न गराउन,

(ख) कबुलियती वनमा कार्ययोजना विपरितको कुनै कार्य गर्न गराउन,

(ग) स्वीकृत कार्ययोजनाले गर्न नहुने भनी तोकेका अन्य कार्य गर्न गराउन।

(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि कबुलियती वनको कार्ययोजना अनुसार आफूले लगाई हुर्काएको वन पैदावार धितो बन्धक राखी वित्तीय संस्थाबाट ऋण प्राप्त गर्न सकिनेछ ।

३९. **प्रमाणपत्रको प्रतिलिपि लिन सकिनेः** (१) कबुलियती वनको प्रमाणपत्र हराएमा, च्यातिएमा, नष्ट भएमा वा अरु कुनै प्रकारले काम नलाग्ने भई सोको प्रतिलिपि लिनु परेमा निर्देशनालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन पर्न आएमा निर्देशकले पाँच हजार रुपैयाँ दस्तुर लिई कबुलियती वनको प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछ।

४०. **गरिबको लागि कबुलियती वन समूहको गठनः** (१) ऐनको दफा ३६ को उपदफा (१) बमोजिमको कबुलियती वन लिन चाहने समूहले

डिभिजन वन कार्यालयमा समूह गठन तथा कार्ययोजना तयारीका लागि निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम माग गरिएको वनक्षेत्र कबुलियती वनको रुपमा व्यवस्थापन गर्न उपयुक्त देखिएमा सहयोगको लागि प्राविधिक कर्मचारी खटाउनु पर्नेछ।

(३) गरिब परिवार पहिचान गरी समूह गठन गर्दा स्थानीय तह वा जिल्लाको सिमानाले असर पार्ने छैन।

(४) कबुलियती वन उपलब्ध गराउँदा कबुलियती वन समूहमा कम्तीमा पाँच र बढीमा पन्ध्र घरधुरी रहनेछन् र समूहको घरधुरी पहिचान गर्दा स्थानीय तहको सम्बन्धित वडा कार्यालयको परामर्श लिन सकिनेछ।

(५) कबुलियती वन समूहलाई वनको जग्गा उपलब्ध गराउँदा प्रति परिवार बढिमा एक हेक्टरसम्म हुने गरी प्रदान गर्न सकिनेछ ।

(६) उपनियम (२) बमोजिम खटिएको कर्मचारीले कबुलियती वन समूह गठन गरी समूहको सहभागितामा अनुसूची - २५ मा उल्लिखित विषयहरु समावेश गरी कार्ययोजना तयार गर्नु पर्नेछ।

(७) कबुलियती वन समूहको कार्ययोजना समूहको निर्णय सहित सब डिभिजन वन कार्यालयको सिफारिस सहित स्वीकृतिका लागि डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ।

(८) सम्बन्धित अधिकारीले समूहको विधान तथा कार्ययोजना स्वीकृत गरी अनुसूची - २६ को ढाँचामा कवुलियतनामा गराउनु पर्नेछ ।

(९) उपनियम (८) बमोजिम कवुलियतीनामा गरेको समूहलाई अनुसूची - २७ बमोजिमको प्रमाण पत्र प्रदान गरिनेछ ।

(१०) यस नियम बमोजिम हस्तान्तरण भएका कबुलियती वन समूहको लगत डिभिजन वन कार्यालयले व्यवस्थित रुपमा राख्नु पर्नेछ ।

(११) यस नियम बमोजिम कबुलियती वन प्राप्त गर्नेले कुनै किसिमको वार्षिक शुल्क तथा दस्तुर तिर्नुपर्ने छैन ।

(१२) कबुलियती वनमा रहेका वन पैदावारको संरक्षण र उपयोग स्वीकृत कार्ययोजनामा उल्लेख भए बमोजिम हुनेछ।

(१३) कबुलियती वन समूह गठन तथा कार्ययोजना तयारी र  कार्यान्वयन गर्न स्वीकृत कार्ययोजनाको अधिनमा रही सम्बन्धित स्थानीय तह तथा अन्य संघ संस्थाले आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछन्।

(१४) कबुलियती वन समूहले स्वेच्छाले कबुलियती वन फिर्ता गर्न चाहेमा सम्बन्धित अधिकारीले कबुलियती वन फिर्ता लिनु पर्नेछ ।

(१५) कबुलियती वन समूहका घरधुरी संख्या थप हुने छैन र कुनै सदस्यले कबुलियती वन समूह छोडेमा निजको कबुलियती वन समूहको सदस्यता स्वतः रद्द हुनेछ।

(१६) कबुलियती वनको कार्ययोजनाको अवधि पाँच देखि दश वर्ष सम्म हुनेछ।

(१७) कबुलियती वनमा स्वीकृत कार्ययोजना विपरितको कार्य गरे गराएमा प्रचलित कानुन बमोजिम हुनेछ।

(१८) सङ्गठित संस्था र गरिबीको रेखामूनि रहेका समूहले एउटै वनक्षेत्र कबुलियती वनको रुपमा माग गरेमा गरिबीको रेखामूनि रहेका समूहलाई पहिलो प्राथमिकता दिनु पर्नेछ ।

(१९) कबुलियती वन समूहलाई कबुलियती वन

उपलब्ध गराउँदाका बखत रहेका रुखहरु कबुलियती वन समूहकै हुनेछ।

४१. **<u>वार्षिक प्रतिवेदन र लेखा परीक्षण सम्बन्धी व्यवस्थाः</u>** (१) नियम ४० बमोजिमको समूहले गर्ने आय व्ययको लेखा वार्षिक साधारण सभामा पेश गर्नुपर्नेछ र पाँच लाख भन्दा बढी वार्षिक आर्थिक कारोवार भएमा नियमानुसार मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ।

(२) समूहले उपनियम (१) बमोजिमको आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन सहीत आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र डिभिजन वन कार्यालय समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ।

४२. **<u>कबुलियती वन समूहले टाँचाको प्रयोग सम्बन्धी व्यवस्था :</u>** कबुलियती वन समूहले काठ जन्य वन पैदावार समूह भन्दा बाहिर बिक्री वितरण गर्दा डिभिजन वन कार्यालयको टाँचा प्रयोग गर्नुपर्नेछ ।

## परिच्छेद - ८

## <u>धार्मिक वन सम्वन्धी व्यवस्था</u>

४३. **<u>धार्मिक वन हस्तान्तरणः</u>** (१) ऐनको दफा ३९ बमोजिम धार्मिक वन संरक्षण गर्न चाहने धार्मिक निकाय, समूह वा समुदायले कार्ययोजना सहित सम्बन्धित अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) सम्बन्धित अधिकारीले उपनियम (१) बमोजिमको निवेदन परेमा आवश्यक जाँचबुझ गरी धार्मिक वनको रुपमा संरक्षण गर्न उपयुक्त देखेमा राय सहित निर्देशनालय मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको प्रस्ताव स्वीकृतिको

लागि मन्त्रालयले प्रदेश सरकार समक्ष पेश गर्नेछ ।

(४) प्रदेश सरकारबाट धार्मिक वनको रुपमा संरक्षण गर्ने गरी स्वीकृति प्राप्त भएमा सम्बन्धित अधिकारीले उपनियम (१) बमोजिम पेश भएको कार्ययोजना स्वीकृत गरी अनुसूची - २८ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनेछ ।

(५) सम्बन्धित अधिकारीले धार्मिक वनको लगत तयार गरी सोको एक एक प्रति मन्त्रालय र निर्देशनालयमा पठाउनु पर्नेछ र मन्त्रालयले उक्त विवरण सञ्चालित एकीकृत वन व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्नेछ।

(६) धार्मिक वन क्षेत्रमा धार्मिक निकाय, समूह वा समुदायले स्वीकृत कार्ययोजना बमोजिमको कार्यमात्र गर्नु पर्नेछ।

(७) धार्मिक वनभित्र रहेको जोखिमयुक्त रुखहरु हटाउन अनुरोध भई आएमा सम्बन्धित अधिकारीले नियमानुसार हटाउन सक्नेछ।

(८) उपनियम (७) बमोजिम सङ्कलित वन पैदावार सम्बन्धित अधिकारीले नियम ६६ बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ।

(९) यो नियमावली प्रारम्भ हुनुअघि कुनै धार्मिक निकाय, समूह वा समुदायले वन क्षेत्रको जग्गामा धार्मिक कार्यको नाममा कुनै गतिविधि सञ्चालन गरेको भए यो नियमावली प्रारम्भ भएको मितिले एक वर्षभित्र यस नियमावली बमोजिम धार्मिक वनको रुपमा संरक्षण गर्नका लागि नियमानुसार डिभिजन वन कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

(१०) उपनियम (९) बमोजिम धार्मिक वनको रुपमा संरक्षण गर्न उपयुक्त देखेमा निर्देशनालय मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

(११) उपनियम (१०) बमोजिमको प्रस्ताव स्वीकृतिको

लागि मन्त्रालयले प्रदेश सरकार समक्ष पेश गर्नेछ ।

(१२) प्रदेश सरकारबाट धार्मिक वनको रुपमा संरक्षण गर्ने गरी स्वीकृति प्राप्त भएमा सम्बन्धित अधिकारीले यस नियमावली बमोजिम प्रमाणपत्र दिनेछ ।

(१३) उपनियम (९) बमोजिमको अवधिभित्र निवेदन पेश नभएमा निर्देशनालयले सम्बन्धित अधिकारीलाई उक्त वन क्षेत्र खाली गराउन आदेश दिनेछ ।

४४. **धार्मिक वनको वार्षिक प्रतिवेदनः** ऐनको दफा ३९ बमोजिमको धार्मिक निकाय, समूह वा समुदायले धार्मिक वनको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ ।

४५. **धार्मिक वनमा गर्न नहुने कार्यहरुः** धार्मिक वनमा ऐन तथा स्वीकृत कार्ययोजनाले गर्न नहुने भनी उल्लेख भएका कार्यहरुका अतिरिक्त देहाय बमोजिमका कार्यहरु गर्न गराउन हुँदैनः-

(क) धार्मिक वनको जग्गालाई निजीजग्गाको रुपमा दर्ता गर्न, भाडामा दिन, धितो बन्धकी राख्न वा अरु कुनै किसिमले हक वा भोगाधिकार हस्तान्तरण गर्ने ,

(ख) धार्मिक वनको भू-उपयोग स्थायी रुपमा परिवर्तन गर्ने,

(ग) वनक्षेत्र मास्न र भू-क्षय तथा वातावरणीय विनाश हुने कुनै कार्य गर्न,

(घ) प्रचलित कानुन विपरित संरक्षित वन्यजन्तु पक्रन वा मार्न वा हानि नोक्सानी पुर्याउने कार्य,

(ङ) वन अतिक्रमण तथा वन अतिक्रमणलाई प्रोत्साहन हुने कुनै कार्य,

(च) ढुंगा, गिट्टी, वालुवा, चट्टान, माटो र अन्य खानी तथा खनिज पदार्थ निकाल्न वा ओसारपसार ।

## परिच्छेद - ९

## वेवारिसी तथा दरिया बुर्दी काठ सम्बन्धी व्यवस्था

४६. **वेवारिसी तथा दरिया बुर्दी काठ दाउराको व्यवस्थापनः** (१) डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र रहेका वेवारिसी तथा दरिया बुर्दी काठ दाउरा सङ्कलन गरी सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम घाटगद्दी गरेका वेवारिसी तथा दरिया बुर्दी काठ दाउराको पूरा विवरण र लगत खोली सम्बन्धित अधिकारीले त्यस्तो काठ दाउराको हकदावी सम्बन्धी सूचना सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालयमा टाँस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको सूचनामा उल्लेखित काठ दाउरामा हकदावी पुग्ने व्यक्तिले त्यस्तो सूचना प्रकाशित भएको मितिले तीस दिनभित्र आफ्नो हकदावीको लागी देहायका प्रमाण कागजातहरु सहित डिभिजन वन कार्यालयमा निवेदन पेश गर्नु पर्नेछः-

(क) बाढी पहिरोले घर गोठ भत्काई त्यस्तो घर गोठको काठ दाउरा बगाएको प्रमाणित हुने प्रमाण कागजात,

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिसपत्र ।

(४) उपनियम (३) बमोजिम हकदावीका लागि निवेदन परेमा सम्बन्धित अधिकारीले प्राविधिक कर्मचारीबाट आवश्यक जाँचबुझ गरी गराई पेश भएको एकिन प्रतिवेदनका आधारमा हकदावी निवेदन उपर निर्णय गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम कसैको हकदावी पुग्ने निर्णय भएमा उक्त काठ दाउरा सङ्कलन गर्दा लागेको खर्च लिई सम्बन्धित पक्षलाई फिर्ता दिनु पर्नेछ।

(६) उपनियम (४) बमोजिमको हकदावी सम्बन्धी निर्णयमा चित्त नबुझ्ने व्यक्तिले उक्त निर्णय भएको मितिले एक्काइस दिनभित्र निर्देशक समक्ष पुनरावेदन गर्न सक्नेछ र निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ ।

(७) कसैको हकदावी नपुग्ने निर्णय भई बाँकी रहन गएका काठ दाउरा सम्बन्धित अधिकारीले प्रचलित कानुन बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ।

(८) ऐनको दफा ४१ को उपदफा (३) बमोजिम संकलित वेवारिसी काठको हकमा संकलित काठको पच्चीस प्रतिशत सम्बन्धित सङ्कलनकर्तालाई उपलब्ध गराउनु पर्नेछ ।

(९) उपनिमय (८) बमोजिम सङ्कलनकर्तालाई उपलब्ध गराएको काठ बिक्री वितरण तथा ओसार पसारको लागि सम्बन्धित डिभिजन वन कार्यालयले अनुमति दिनु पर्नेछ।

## परिच्छेद - १०

## विकास आयोजना सम्बन्धी व्यवस्था

४७. **विकास आयोजना सञ्चालन गर्दा वन क्षेत्रका रुख हटाउने सम्बन्धी व्यवस्थाः** (१) कुनै विकास आयोजनालाई उपलब्ध गराईएको वनक्षेत्रमा ऐनको दफा ४३ बमोजिम रुख हटाउन पर्ने भएमा त्यस्तो आयोजना सञ्चालन गर्ने निकायले आयोजना सन्चालन गरिने वनक्षेत्रमा रहेका रुखको विवरण सहित निर्देशनालय समक्ष अनुरोध गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुरोध भएमा निर्देशनालयले सम्बन्धित डिभिजन वन कार्यालय मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त राय प्रतिवेदनको आधारमा अनुमतिको लागि मन्त्रालयमा सिफारिस गर्नुपर्ने छ ।

(३) उपनियम (२) बमोजिमको राय प्रतिवेदन उपयुक्त लागेमा रुखहरु हटाउन मन्त्रालयले सम्बन्धित आयोजनालाई अनुमति दिन सक्ने छ ।

(४) उपनियम (३) बमोजिम रुखहरु हटाउन स्वीकृती प्राप्त भएमा सम्बन्धित विकास आयोजनाले सम्बन्धित डिभिजन वन कार्यालयको प्राविधिक सहयोगमा आफ्नै खर्चमा रूख बिरूवा हटाउनु पर्नेछ ।

(५) विकास आयोजनाले रुख विरुवा हटाउदा कुनै प्रकारको क्षति हुन गएमा नियमानुसार क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ ।

(६) विकास आयोजनाले आयोजना सञ्चालन गर्नु पूर्व सम्वन्धित डिभिजन वन कार्यालयबाट प्रवेशको लागि अनुमती लिनु पर्नेछ।

४८. <u>**वनक्षेत्रको क्षतिपूर्ती सम्बन्धी व्यवस्थाः**</u> (१) सम्बन्धित आयोजनाले नियम ४७ बमोजिम हटाइएका रूखको कम्तीमा दश गुणा बराबरको संख्यामा सम्बन्धित डिभिजन वन कार्यालयले तोकेको क्षेत्रमा वृक्षारोपण गरी पाँच वर्ष सम्म रुख हुर्काउन र संरक्षण गर्न लाग्ने सम्पूर्ण खर्च समेत व्यहोर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम आयोजना आफैले वृक्षारोपण गर्न सम्भव नभएमा वृक्षारोपण सम्बन्धी प्रचलित मापदण्डको आधारमा तयार गरिएको लागत अनुमान बमोजिम वृक्षारोपण र संरक्षणका लागि लाग्ने रकम वन विकास कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) विकास आयोजनाले वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका क्षति न्यूनीकरणका उपायहरू आफ्नै खर्चमा कार्यान्वयन गर्नु पर्नेछ र यसको नियमित अनुगमन डिभिजन वन

कार्यालय तथा सम्वन्धित आयोजनाले संयुक्त रुपमा गर्नु पर्नेछ र सो सम्बन्धी प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमका क्षति न्यूनीकरणका उपाय प्रभावित स्थानीय समुदायको सहभागितामा कार्यान्वयन गर्न प्राथमिकता दिनु पर्नेछ।

## परिच्छेद-११

## चराचुरुङ्गी तथा वन्यजन्तु संरक्षण र व्यवस्थापन

४९. **बर्ड स्यान्चुअरी सम्बन्धी व्यवस्थाः** (१) मन्त्रालयले ऐनको दफा ४५ बमोजिम प्रदेश भित्रको कुनै वन क्षेत्रलाई बर्ड स्यान्चुअरी घोषणा गर्नु अघि सम्बन्धित डिभिजन वन कार्यालयलाई कार्ययोजना तयार गर्न लगाउने छ ।

(२) उपनियम (१) बमोजिमको कार्ययोजना आवश्यक परिमार्जन गरी निर्देशनालयले सिफारिस सहित मन्त्रालयमा पेश गर्नेछ ।

(३) उपनियम (२) बमोजिम पेश भएको कार्ययोजनाको आधारमा बर्ड स्यान्चुअरी घोषणा गर्न उपयुक्त देखेमा मन्त्रालयले स्वीकृतिको लागि प्रदेश सरकार समक्ष पेश गर्नेछ ।

(४) प्रदेशसरकारबाट घोषणा भएको बर्ड स्यान्चुअरीको सञ्चालन तथा व्यवस्थापनका लागि मन्त्रालयले आवश्यक कार्यबिधि निर्धारण गर्नेछ ।

(५) कनै व्यक्ति, संस्था वा निकायले बर्ड स्यान्चुअरीमा अध्ययन अनुसन्धान गर्नु परेमा अनुसूची - २९ को ढाँचामा निर्देशनालयमा निवेदन दिनुपर्नेछ ।

(६) उपनियम (५) बमोजिम पर्न आएको निवेदन उपयुक्त लागेमा निर्देशनालयले अनुसूची - ३० को ढाँचामा अनुमति पत्र दिन सक्नेछ।

(७) उपनियम (६) बमोजिम अध्ययन अनुसन्धानको अनुमति पत्र प्राप्त गर्ने व्यक्ति, संस्था वा निकायले अध्ययन अनुसन्धानको प्रतिवेदनको एक प्रति मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ ।

५०. **जैविकमार्ग सम्बन्धी व्यवस्थाः** **(१)** मन्त्रालयले ऐनको दफा ४५ बमोजिम प्रदेशभित्रको कुनै वन क्षेत्रलाई जैविक मार्ग घोषणा गर्नु अघि सम्बन्धित डिभिजन वन कार्यालयलाई कार्ययोजना तयार गर्न लगाउनेछ।

(२) उपनियम (१) बमोजिमको कार्ययोजना आवश्यक परिमार्जन गरी निर्देशनालयले सिफारिस सहित मन्त्रालयमा पेश गर्नेछ ।

(३) उपनियम (२) बमोजिम पेश भएको कार्ययोजनाको आधारमा जैविक मार्ग घोषणा गर्न उपयुक्त देखेमा मन्त्रालयले स्वीकृतिको लागि प्रदेश सरकार समक्ष पेश गर्नेछ ।

(४) प्रदेश सरकारबाट घोषणा भएको जैविकमार्गको सञ्चालन तथा व्यवस्थापनका लागि मन्त्रालयले आवश्यक कार्यबिधि निर्धारण गर्नेछ ।

(५) कनै व्यक्ति, संस्था वा निकायले जैविकमार्गमा अध्ययन अनुसन्धान तथा पर्यापर्यटन सम्बन्धी कार्य गर्नु परेमा अनुसूची - २९ को ढाँचामा निर्देशनालयमा निवेदन दिनुपर्नेछ ।

(६) उपनियम (५) बमोजिम पर्न आएको निवेदन उपयुक्त लागेमा निर्देशनालयले अनुसूची - ३० को ढाँचामा अनुमति पत्र दिन सक्नेछ।

(७) उपनियम (६) बमोजिम अध्ययन अनुसन्धानको अनुमति पत्र प्राप्त गर्ने व्यक्ति, संस्था वा निकायले अध्ययन अनुसन्धानको प्रतिवेदनको एक प्रति मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ ।

५१. **बर्ड स्यान्चुअरी र जैविकमार्गमा निषेधित कार्यः** बर्ड स्यान्चुअरी र जैविक मार्गमा देहायका कार्यहरु गर्न गराउन पाईने छैनः

(क) बिना ईजाजत प्रवेश गर्न,

(ख) वन्यजन्तुलाई लखेट्न, पक्रन, तर्साउन, शिकार गर्न वा हानी नोक्सानी हुने कुनै प्रकारको कार्य गर्न,

(ग) विना ईजाजत कुनै किसिमको भौतिक संरचना निर्माण गर्न,

(घ) विना ईजाजत सवारी साधन प्रवेश गराउन,

(ङ) घरपालुवा पशुचौपायालाई प्रवेश गराउन,

(च) फोहोरजन्य पदार्थ फाल्न,

(छ) ध्वनी प्रदुषण गर्न,

(ज) वन्यजन्तुको वासस्थान विनाश हुने कुनै प्रकारको कार्य गर्न,

(झ) सवारी साधनको गति प्रति घण्टा बीस किलोमिटर भन्दा बढी गर्न,

(ञ) प्रचलित कानुन बिपरित अन्य कुनै कार्य गर्न ।

५२. **समस्याग्रस्त वन्यजन्तुको व्यवस्थापनः** (१) सम्बन्धित डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रभित्रको कुनै खास क्षेत्रमा कुनै वन्यजन्तुले

समस्या सिर्जना गरेमा त्यस्ता वन्यजन्तुलाई ऐनको दफा ४६ बमोजिम समस्याग्रस्त वन्यजन्तु घोषणा गर्न मन्त्रालय समक्ष अनुरोध गर्नेछ ।

(२) उपनियम (१) बमोजम अनुरोध भएमा मन्त्रालयले कुनै खास अवधिका लागि त्यस्तो वन्यजन्तुलाई समस्याग्रस्त वन्यजन्तु घोषणा गर्न प्रदेश सरकार समक्ष प्रस्ताव पेश गर्नुपर्नेछ ।

(३) कुनै वन क्षेत्रमा बदेलको संख्या बहन क्षमता भन्दा बढी भएको भनी सम्बन्धित अधिकारीले ऐनको दफा ४६ को उपदफा (४) बमोजिम सिफारिस गरेमा मन्त्रालयले त्यस्तो वन क्षेत्रमा तोकिएको अवधिका लागि तोकिएको संख्यामा बंदेलको शिकार गर्न सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम बंदेलको शिकार अनुमति लिने सम्बन्धी अन्य व्यवस्था वन्यजन्तु सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

(५) उपनियम (४) बमोजिम अनुमति प्राप्त व्यक्तिले बंदेलको शिकार गर्दा प्रति बँदेल पाँच हजार रुपैयाँ दस्तुर तिर्नुपर्नेछ र त्यस्तो दस्तुर प्रदेश संचित कोषमा जम्मा गर्नुपर्नेछ।

५३. <u>**चिडियाखाना वा प्राणी उद्यान स्थापना गर्न सकिनेः**</u> (१) ऐनको दफा ४७ बमोजिम चिडियाखाना, खुला चिडियाखाना वा प्राणी उद्यान स्थापना गर्न चाहने कुनै संस्था, निकाय, स्थानीय तह वा समुदायले कार्ययोजना सहितको प्रस्ताव तयार गरी स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको प्रस्ताव पेश हुन आएमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी गराई प्रस्ताव उपयुक्त

देखेमा चिडियाखाना, खुला चिडियाखाना वा प्राणी उद्यान स्थापनाको अनुमति दिन सक्नेछ ।

(४) उपनियम (२) बमोजिम अनुमति प्राप्त चिडियाखाना, खुला चिडियाखाना वा प्राणी उद्यानको मापदण्ड मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी निर्धारण गरे बमोजिम हुनेछ ।

५४. **चिडियाखाना वा प्राणी उद्यानमा गर्न नहुने कार्यहरुः** चिडियाखाना, खुला चिडियाखाना वा प्राणी उद्यानभित्र देहायका कार्यहरु गर्न गराउन पाईने छैनः

**(क)** वन्यजन्तुलाई लखेट्न, पक्रन, तर्साउन वा हानि नोक्सानी हुने कुनै प्रकारको कार्य,

**(ख)** खुला चिडियाखानामा विना ईजाजत कुनै किसिमको भौतिक संरचना निर्माण,

**(ग)** घरपालुवा पशुचौपायालाई प्रवेश,

**(घ)** फोहोरजन्य पदार्थ फाल्न,

**(ङ)** चिडियाखाना, खुला चिडियाखाना वा प्राणी उद्यानको क्षेत्र वरिपरी ध्वनी प्रदुषण गर्न,

**(च)** प्रचलित कानुन विपरीतका अन्य कुनै कार्य गर्न।

५५. **वन्यजन्तु अस्पताल र उद्धार केन्द्र सम्वन्धी व्यवस्थाः** (१) कुनै व्यक्ति, संस्था वा निकायले समस्याग्रस्त, असहाय, नरभंक्षी, घाइते, टुहुरा र उद्धार गरिएका वन्यजन्तुको संरक्षण र व्यवस्थापन गर्न चाहेमा वन्यजन्तु अस्पताल र वन्यजन्तु उद्धार केन्द्र स्थापनाको अनुमतिका लागि कार्ययोजना सहित निर्देशनालयमा निवेदन पेश गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम पेश भएको कार्ययोजना उपर जाँचबुझ गरी उपयुक्त देखेमा निर्देशनालयले स्वीकृतिका लागि सिफारिससाथ मन्त्रालयमा पेश गर्नुपर्ने छ।

(३) उपनियम (२) बमोजिम पेश हुन आएको कार्ययोजना मन्त्रालयले स्वीकृत गरी अनुसूची - २९ बमोजिमको ढाँचामा अनुमति पत्र दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम स्थापना भएको वन्यजन्तु अस्पताल र वन्यजन्तु उद्धार केन्द्रको सञ्चालन र व्यवस्थापन सम्बन्धी मापदण्ड मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी निर्धारण गरे बमोजिम हुनेछ ।

५६. **वन्यजन्तु पालन सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ४८ बमोजिम कुनै व्यक्ति वा संस्थाले अनुसूची - ३० बमोजिमका वन्यजन्तु पालन गर्न चाहेमा सम्बन्धित डिभिजन वन कार्यालयको सिफारिस सहित निर्देशनालयमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश भएको प्रस्ताव जाँचबुझ गरी उपयुक्त देखिएमा निर्देशनालयले स्वीकृतिका लागि राय साथ मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम पेश भएको प्रस्ताव मन्त्रालयले परिमार्जन गर्न आवश्यक देखेमा गरी गराई स्वीकृत गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिम प्रस्ताव स्वीकृत भएमा अनुसूची - ३० बमोजिमको दस्तुर लिई निर्देशनालयले वन्यजन्तु पालनको लागि आवश्यक शर्त तोकि अनुमति दिन सक्नेछ।

(५) वन्यजन्तु पालन सम्बन्धी अन्य शर्तहरु अनुमति पत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद – १२

## निजी तथा सार्वजनिक जग्गामा रहेको वन सम्बन्धी व्यवस्था

५७. **निजी वनको दर्ता तथा वन पैदावार ओसारपसार सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ७० बमोजिम निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले देहाय बमोजिमका कागजात संलग्न गरी सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछः-

(क) जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि,

(ख) मालपोत तिरेको रसिदको प्रतिलिपि,

(ग) नापी कार्यालयले प्रमाणित गरेको नक्शा,

(घ) नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

(ङ) संस्थाको हकमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि, करमा दर्ता भएको प्रमाण र संचालक समितिको निर्णयको प्रतिलिपि,

(च) जग्गामा भएका रुख बिरुवाको विवरण ।

(२) सम्बन्धित स्थानीय तहले उपनियम (१) बमोजिम पर्न आएको निवेदन र संलग्न कागजात उपर आवश्यक जाँचबुझ गरी निजी वन दर्ता गरी प्रमाणपत्र दिन सक्नेछ।

(३) स्थानीय तहले उपनियम (२) बमोजिम दर्ता भएका निजी वनको लगत राखी सम्बन्धित सब डिभिजन वन कार्यालय र डिभिजन वन कार्यालयलाई जानकारी दिनु पर्नेछ।

(४) यस नियम बमोजिम दर्ता भएको निजी वनमा वृक्षारोपण गर्न तथा निजी वनको व्यवस्थापन गर्न सम्बन्धित कार्यालयले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(५) निजी वनको धनीले निजी वनमा उत्पादन गरेको वन पैदावार सङ्कलन, ओसारपसार तथा बिक्री वितरण गर्न सक्नेछ।

(६) ऐनको दफा ७१ को उपदफा (३) मा उल्लेख भए

बमोजिम निजी वन दर्ता हुनु अघि त्यस्तो वनमा रहेका साल प्रजातीका वन पैदावार बाहेक अन्य प्रजातीका वन पैदावारको बिक्री वितरण र ओसारपसार गर्नको लागि सब डिभिजन वन कार्यालयमा लगत प्रमाणितका लागि निवेदन दिनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम निवेदन पेश भएमा सव डिभिजन वन कार्यालयको कम्तीमा सहायक पाँचौस्तरको वन प्राविधिकले स्थलगत जाँचबुझ गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(८) उपनियम (७) बमोजिम पेश भएको प्रतिवेदनको आधारमा सव डिभिजन वन कार्यालयले अनुसूची -३१ बमोजिमको फाराममा लगत प्रमाणित गर्नेछ ।

(९) उपनियम (८) बमोजिम लगत प्रमाणित भएका काठ बिक्री वितरण र ओसारपसारका लागि डिभिजन वन कार्यालयबाट खटिएका कम्तीमा अधिकृतस्तरका प्राविधिक कर्मचारीबाट टाँचा र सिल लगाई लगत पेश हुन आएमा निश्चित म्याद सहित अनुसूची -१३ बमोजिमको ढाँचामा ओसारपसार अनुमतिपत्र दिनेछ ।

(१०) यस नियम बमोजिम निजी वनको वन पैदावार बिक्री गर्दा काठको हकमा प्रति क्युविक फिट पाँच रुपैयाँ र दाउराको हकमा प्रति चट्टा एक सय रुपैयाँ दस्तुर प्रदेश संचित कोषमा जम्मा गर्नुपर्नेछ ।

**५८. <u>सार्वजनिक जग्गामा रहेका रुख हटाउने सम्बन्धी व्यवस्थाः</u>** (१) ऐनको दफा ७३ बमोजिम सार्वजनिक जग्गामा रहेका रुखहरु हटाउन सम्बन्धित स्थानीय तहको अनुरोध प्राप्त भएमा देहाय बमोजिमको समितिको सिफारिसमा डिभिजन वन कार्यालयले हटाउन सक्नेछः

(क) सम्बन्धित अधिकारी वा निजले तोकेको अधिकृत -संयोजक

(ख) सम्बन्धित वडाको जनप्रतिनिधि -सदस्य

(ग) नापी कार्यालयको प्रतिनिधि -सदस्य

(२) उपनियम (१) बमोजिम हटाईएका रुखहरु सम्बन्धित अधिकारीले प्रचलित कानुन बमोजिम लिलाम बिक्री गर्नेछ।

(३) ऐनको दफा ७३ को उपदफा (५) बमोजिम रुखहरु हटाउँदा यस नियम बमोजिम हटाईनेछ ।

(४) जग्गाधनि प्रमाणपूर्जा भएका वा नभएका सरकारी कार्यालय परिषरमा रहेका जोखिमयुक्त रुखहरु उप-नियम (१) बमोजिमको समितिको सिफारिसमा डिभिजन वन कार्यालयले हटाउन सक्नेछ ।

(५) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (३) र (४) बमोजिम रुख हटाउँदा लागेको खर्च सम्बन्धित आयोजना वा कार्यालयले व्यहोर्नु पर्नेछ ।

## परिच्छेद – १३

## वन पैदावारको सदुपयोग, ओसारपसार र आपूर्ति सम्बन्धी व्यवस्था

५९. **वन पैदावार सङ्कलन सम्बन्धी व्यवस्था :** (१) वन पैदावार सङ्कलन गर्दा कार्ययोजनाले तोकेको परिमाणमा नवढ्ने गरी गर्नु पर्नेछ ।

तर प्राकृतिक रुपमा आफै ढलेका रुखहरुको लगत मूल्याङ्कन स्वीकृत कार्ययोजनाले तोकेको परिमाण भन्दा बढी भएमा डिभिजन वन कार्यालयले वन निर्देशनालयबाट पन्ध्र प्रतिशत छ्पान चेकजाँच गराई तत्काल सङ्कलन गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिमको वन पैदावार सङ्कलन गर्दा डिभिजन वन कार्यालयको अनुमतिमा कम्तीमा पाँचौ तहका प्राविधिक कर्मचारीले छपान तथा मुल्याँङ्कन गरी लगत सहितको विवरण डिभिजन वन कार्यालयमा पेश गर्नेछ ।

(३) उपनियम (२) बमोजिम पेश हुन आएको लगत विवरण अनुसारका रुखहरु डिभिजन वन कार्यालयको कम्तिमा

अधिकृतस्तरको वन प्राविधिक कर्मचारीबाट कम्तीमा पन्ध्र प्रतिशत र निर्देशनालयले कम्तिमा पाँच प्रतिशत चेकजाँच गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम चेकजाँचको प्रतिवेदन पेश भएपछि सम्बन्धित अधिकारीले कटान आदेश दिनेछ ।

(५) काठ दाउरा वाहेकका जडीबुटी र अन्य वन पैदावारको सङ्कलन डिभिजन वन कार्यालयबाट सङ्कलन ईजाजत लिई नियमानुसार गर्नु पर्नेछ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो, हिमपात, हावाहुरी, आगजनी, कीरा वा रोगको सङ्क्रमण जस्ता विपद्जन्य घटनाका कारण प्रदेश भित्र राष्ट्रिय वनमा वन पैदावारको हानि नोक्सानी हुन गई वन पैदावार सड्ने वा नासिने अवस्था आईपरेमा उक्त वन पैदावारलाई वनक्षेत्रबाट सङ्कलन गर्न कार्ययोजनाले तोकेको वार्षिक परिमाणको हदले बाधा पुऱ्याएको मानिने छैन।

(७) उपनियम (६) मा उल्लेखित विपद्जन्य घटनाका कारण वन पैदावारको क्षति हुन पुगेमा सम्बन्धित अधिकारीले तोकेको अधिकृत कर्मचारीले तत्काल स्थलगत निरीक्षण, मापन, छपान तथा मुल्यांङ्कन प्रतिवेदन पेश गरे पछि डिभिजन वन कार्यालयको कम्तिमा अधिकृतस्तरको वन प्राविधिक कर्मचारीबाट कम्तीमा पन्ध्र प्रतिशत र निर्देशनालयले कम्तिमा पाँच प्रतिशत छपान चेकजाँच गर्नु पर्नेछ ।

(८) उपनियम (७) बमोजिमको वन पैदावार जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसमा सम्बन्धित अधिकारीले हटाउन सक्नेछ र सोको जानकारी निर्देशनालयलाई दिनुपर्नेछ ।

(९) यस नियम बमोजिम वन पैदावार सङ्कलन पछी कार्ययोजनाले तोकेको परिमाणलाई पुनरावलोकन गरी वन कार्ययोजनामा संशोधन गर्नु पर्नेछ।

६०. **रुखको छपान मूल्याङ्कन तथा घाटगद्दी गर्नुपर्ने:** (१) स्वीकृत कार्ययोजना बमोजिम काठ दाउरा सङ्कलन गर्नुपूर्व कटान गर्नुपर्ने रुखहरुको छपान तथा मूल्याङ्कन गर्नु पर्नेछ।

(२) रुख तथा काठको मापन, आयतन निकाल्ने र मूल्याङ्कन गर्ने तरिका अनुसूची - ३२ बमोजिम हुनेछ।

(३) वनक्षेत्रवाट सङ्कलन गरिएका काठ दाउरा सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्नेछ र त्यसरी सङ्कलन गरिएका काठ दाउरा सुरक्षित राख्नको लागि सम्बन्धित अधिकारीले चारकिल्ला खुलाई घाटगद्दी क्षेत्र तोक्नु पर्नेछ।

(४) वनक्षेत्रबाट घाटगद्दीसम्म गोलिया काठ ओसारपसार गर्दा प्रत्येक गोलिया काठमा डिभिजन वन कार्यालयमा रहेको टाँचा लगाई अनुसूची - ३३ बमोजिमको चलानी पुर्जी लिएर मात्र ओसारपसार गर्नु पर्नेछ।

(५) सङ्कलन गरिएका काठ दाउरा घाटगद्दी स्थलमा पाइलिङ्ग र लट कायम गरी सोको लगत अनुसूची - ३४ वमोजिम घाटगद्दी रजिष्टर खडा गरी राख्नु पर्नेछ।

६१. **काठ दाउरा सङ्कलन गर्ने तथा निकाल्ने अवधि:** (१) राष्ट्रिय वनक्षेत्रबाट कार्तिक एक गते देखि जेष्ठ मसान्तसम्म मात्र काठ दाउराको सङ्कलन गर्न तथा निकाल्न सकिनेछ।

(२) उपनियम (१) को अधिनमा रही राष्ट्रिय वन क्षेत्रको रुख कटान गर्दा कटान आदेशमा तोकिएको अवधिभित्र कटान तथा घाटगद्दी सम्पन्न गर्नुपर्नेछ ।

(३) उपनियम (१) मा उल्लेखित अवधिभित्र रुख कटान गरी काठ दाउरा सङ्कलन गर्न नसकिएको उचित र पर्याप्त कारण

भएमा सम्बन्धित अधिकारीले बढीमा एक महिना अवधि थप गर्न सक्नेछ र सो अवधिभित्र पनि कटान तथा घाटगद्दी हुन नसकेमा सम्बन्धित अधिकारीको सिफारिसमा निर्देशकले बढिमा दुई महिनासम्म उपनियम (१) को अवधि भित्रै गर्ने गरी कटान तथा सङ्कलन अवधि थप गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिमको अवधिमा कार्य सम्पन्न गर्न नसकेमा कटान ईजाजत प्राप्त व्यक्ति वा संगठित संस्थालाई कटान ईजाजतपत्रमा उल्लेख भए अनुसार क्षतिपूर्ति असुल उपर गरी निज संगको सम्झौता खारेज गरिनेछ।

(५) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि विपद्मा परेका व्यक्तिहरुलाई जुनसुकै समयमा वन क्षेत्रबाट काठ दाउरा सङ्कलन गरी उपलब्ध गराउन सकिनेछ।

६२. **<u>वन पैदावार आपूर्ति सम्वन्धी व्यवस्थाः</u>** ऐनको दफा ७५ को उपदफा (३) बमोजिम काठ दाउरा बिक्री वितरण तथा आपूर्ति व्यवस्थाको लागि देहाय बमोजिमको एक वन पैदावार आपूर्ति समिति रहनेछः-

(क) सम्बन्धित अधिकारी -अध्यक्ष

(ख) प्रदेश लेखा ईकाई कार्यालयको प्रमुख -सदस्य

(ग) जिल्ला समन्वय समितिले तोकेको प्रतिनिधि - सदस्य

(घ) मन्त्रालयले तोकेको प्रदेश सरकारको जिल्लास्थित कार्यालयको अधिकृत कर्मचारी -सदस्य

(ङ) सम्बन्धित अधिकारीले तोकेको वन अधिकृत
-सदस्य सचिव

६३. **वन पैदावार आपूर्ति समितिमा काठ दाउरा व्यवस्थापन :** (१) नियम २८ को उपनियम (२) बमोजिम सामुदायिक वनबाट प्राप्त हुने काठ दाउरा र डिभिजन वन कार्यालयलाई वार्षिक रुपमा प्राप्त हुने परिमाणको कम्तीमा पच्चिस प्रतिशत काठ दाउरा वन पैदावार आपूर्ति समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) स्वीकृत कार्ययोजना बमोजिम काठ दाउरा प्राप्त हुन नसक्ने डिभिजन वन कार्यालयलाई काठ दाउरा उपलब्ध हुन सक्ने अन्य कुनै डिभिजन वन कार्यालयबाट काठ दाउरा उपलब्ध गराउने व्यवस्था मन्त्रालयले मिलाउन सक्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम प्राप्त हुने काठ दाउरा समितिले अनुसूची - ११ बमोजिमको मूल्यमा कटानमुछान तथा ढुवानी खर्च र समितिको मुनाफा समेत जोडी अनुसूची - ३५ को परिमाणमा नबढ्ने गरी देहायको प्रयोजनको लागि काठ दाउराको बिक्री वितरण गर्ने व्यवस्था गर्नेछः-

(क) विपद् व्यवस्थापन,

(ख) घर निर्माण तथा मर्मत,

(ग) कृषि औजार तथा कृषिमा आधारित उद्योग,

(घ) धार्मिक तथा सांस्कृतिक कार्य,

(ङ) शव दाहसंस्कार र

(च) जनसहभागितामा गरिने साना लागतका विकास निर्माण कार्य

(छ) लुम्बिनी प्रदेशमा स्थायी बसोबास रहेको वा लुम्बिनी प्रदेशमा कम्तीमा पाँच वर्ष निरन्तर वन सेवामा रही काम गरेका कर्मचारीको घर निर्माण कार्यका लागी एक पटक । ।

(४) समितिबाट काठ दाउरा प्राप्त गर्नेले जुन प्रयोजनको लागि काठ दाउरा प्राप्त गरेको हो सोही प्रयोजनमा उपयोग गर्नु पर्नेछ र त्यस्तो काठ दाउरा अन्यत्र बिक्री वितरण गर्न पाइने छैन।

(५) समितिले काठ दाउराको बिक्री वितरण व्यवस्थित गर्न वार्षिक कार्ययोजना तयार गरी निर्देशनालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ।

(६) समितिलाई प्राप्त काठ दाउरा एक वर्षसम्म पनि बिक्री नभएमा वन पैदावार आपूर्ति समितिले लिलाम बिक्री गर्न सक्नेछ।

६४. **वन पैदावार प्राप्त गर्न निवेदन दिनु पर्नेः** (१) वन पैदावार आपूर्ति समितिबाट वन पैदावार लिन चाहने व्यक्तिले देहायका विवरण खुलाई सम्बन्धित अधिकारी समक्ष निवेदन दिनु पर्नेछः-

(क) वन पैदावारको जात,

(ख) वन पैदावारको किसिम र परिमाण,

(ग) वन पैदावार लिन चाहेको प्रयोजन,

(घ) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ङ) सम्बन्धित स्थानीय तहबाट सिफारिस पत्र,

(च) विपद्को हकमा जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस,

(छ) घरनिर्माणको लागि सम्बन्धित स्थानीय तहबाट स्वीकृत नक्सा पास,

(ज) जनसहभागितामा हुने विकास निर्माण कार्यका लागि सम्बन्धित निकायको सिफारिस,

(झ) अन्य प्रयोजनका लागि समितिले तोकेका कागजात ।

(२) उपनियम (१) बमोजिमको निवेदन परेमा वन पैदावार आपूर्ति समितिले आवश्यक जाँचबुझ गरी काठ दाउरा उपलब्ध गराउन सक्नेछ ।

६५. **<u>काठ दाउरा लिलाम बिक्रीः</u>** (१) सरकारी निकाय, सरकारी स्वामित्वमा रहेका अन्य निकायहरु र उपभोक्ता समूहले स्वीकृत कार्ययोजना बमोजिम सङ्कलन गरेका काठ दाउरा व्यापारिक तथा व्यावासायिक प्रयोजनका लागि लिलाम बिक्री गर्दा पूर्ण प्रतिस्पर्धाको आधारमा गर्नु पर्नेछ र यस सम्बन्धी सूचना राष्ट्रीय दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्न छ ।

(२) उपनियम (१) बमोजिमको सूचना टाँस र टेण्डर बिक्री सम्बन्धी व्यवस्था डिभिजन वन कार्यालय र निर्देशनालयबाट गरिनेछ र काठ दाउरा लिलाम बिक्रीको लागि अनुसूची - ११ मा उल्लेखित मूल्यलाई न्यूनतम मूल्य मानिने छ।

(३) उपनियम (२) बमोजिमको लिलाम बिक्री प्रक्रियामा काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्न ईजाजत प्राप्त र सञ्चालनमा रहेका उद्योगहरुले मात्र प्रतिस्पर्धा गर्न पाउने छन्।

(४) उपनियम (३) बमोजिम प्रतिस्पर्धामा सहभागी उद्योगमध्ये सबैभन्दा बढी मूल्य सकार गर्ने उद्योगलाई माग बमोजिमको स्थानसम्म ढुवानी गरी लैजान अनुसूची - ३३ बमोजिमको चलानी पूर्जी जारी गर्नुपर्नेछ।

(५) उपनियम (४) बमोजिम डिभिजन वन कार्यालयको क्षेत्र भित्र काठ दाउरा ओसारपसार गर्दा सिल प्रयोग गर्नुपर्ने छैन।

६६. **<u>लिलाम बिक्री सदर गर्ने अधिकारीः</u>** (१) डिभिजन वन कार्यालयबाट बिक्री हुने वन पैदावारको लिलाम बिक्री सदर गर्ने अधिकार देहाय बमोजिमको अधिकारीलाई हुनेछः-

(क) पन्ध्र लाख रुपैयाँसम्म सकार मूल्य रहेको लिलाम बिक्री स्वीकृत गर्ने अधिकार सम्बन्धित अधिकारीलाई,

(ख) पन्ध्र लाख भन्दा माथि पचीस लाख सम्म सकार मूल्य रहेको लिलाम बिक्री स्वीकृत गर्ने अधिकार निर्देशकलाई,

(ग) पचीस लाख रुपैयाँ भन्दा बढी सकार मूल्य रहेको लिलाम बिक्री स्वीकृत गर्ने अधिकार मन्त्रालयको सचिवलाई।

(२) उपभोक्ता समूहबाट हुने वन पैदावारको लिलाम बिक्री सदर गर्ने अधिकार उपभोक्ता समूहको कार्यसमितिलाई हुनेछ।

६७. **गोलिया काठ खरिद गर्ने उद्योगले प्रशोधन गरी बिक्री गर्नुपर्नेः** ऐनको दफा ७५ को उपदफा (६) बमोजिम गोलिया काठ खरिद गर्ने उद्योगले प्रशोधन नगरी बिक्री गर्न चाहेमा लिलाम सकार गरेको मूल्यको थप दश प्रतिशत रकम प्रदेश संचित कोषमा जम्मा गर्नुपर्नेछ।

६८. **काठ दाउराको ओसारपसारः** (१) नियमानुसार छोडपुर्जी भएका काठ दाउरा डिभिजन वन कार्यालयबाट ईजाजत पत्र लिई ओसारपसार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको काठदाउरा नियमानुसार सिल लगाई ईजाजतपत्रको पिठमा सो व्यहोरा उल्लेख गरी ओसार पसार गर्नुपर्नेछ ।

तर डिभिजन वन कार्यालयको कार्य क्षेत्रभित्र ओसार पसार गर्दा सिल गर्नुपर्ने छैन।

(३) उपनियम (१) बमोजिम ओसारपसार गरिएको काठ दाउराको चेकजाँच ईजाजत जारी गरेको डिभिजन वन कार्यालय र अनलोड हुने स्थानको डिभिजन वन कार्यालयको कम्तीमा पाँचौ स्तरको कर्मचारीले गर्न सक्नेछ।

(४) सम्बन्धित उद्योगले नियमानुसार प्राप्त गरेका चिरान काठ मूल्य अभिवृद्धि कर तिरेको विल विजकको आधारमा बिक्री तथा ओसारपसार गर्न सक्नेछ।

(५) काठ दाउरा बिक्री गर्ने उद्योगले वार्षिक रुपमा डिभिजन वन कार्यालयमा आफ्नो कारोवारको विवरण पेश गर्नु पर्नेछ।

६९. **जडीबुटी र अन्य वन पैदावारको सङ्कलन तथा बिक्री वितरणः** (१) कुनै वनक्षेत्रबाट अनुसूची - ३६ मा उल्लेखित जडीबुटी तथा अनुसूची - ३७ मा उल्लेखित अन्य वन पैदावारको सङ्कलन गर्न चाहने व्यक्ती वा संस्थाले जडीबुटी तथा अन्य वन पैदावारको किसिम, सङ्कलन गरीने क्षेत्र, जात र परिमाण समेत खुलाई सम्बन्धित अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा सम्बन्धित अधिकारीले स्वीकृत कार्ययोजनाको अधिनमा रही सङ्कलन हुने जडिबुटीको प्रजाती, सङ्कलन गर्न सकिने परिमाण, समय र निश्चित अवधि तोकी अनुसूची - ३६ र अनुसूची - ३७ मा उल्लेख भए बमोजिमको दर अनुसार हुने रकम धरौटी लिई अनुसूची - ३८ बमोजिम नियमानुसार सङ्कलन ईजाजत दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम इजाजत लिई सङ्कलन गरिएका जडीबुटी तथा अन्य वन पैदावार सङ्कलनकर्ताले अनुसूची - ३६ र अनुसूची - ३७ मा उल्लेख भए बमोजिमको रकम प्रदेश संचित कोषमा जम्मा गर्नु पर्नेछ र रकम दाखिला भएपछि सम्बन्धित अधिकारीले अनुसूची - ३३ बमोजिमको ढाँचामा चलानी पूर्जी दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम छोडपुर्जी हुने जडीबुटी तथा अन्य वन पैदावारको ओसारपसार गर्दा जडीबुटी राखिएको बोरा वा कन्टेनर वा यस्तै प्रकारको भाँडोमा सिल लगाई ईजाजतपत्रको पिठमा सो व्यहोरा उल्लेख गरी ओसारपसार गर्नु पर्नेछ।

७०. **सङ्ककलन तथा बिक्री वितरण सम्बन्धी विशेष व्यवस्थाः** संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण सम्बन्धी महासन्धीको अनुसूची - १, अनुसूची - २ र अनुसूची - ३ मा सूचीकृत

रहेका वन पैदावारको सङ्कलन, ओसारपसार वा निकासी प्रचलित कानुन बमोजिम हुनेछ।

७१. **<u>खयर काठ बिक्री वितरणः</u>** (१) खयर जातको गोलिया काठ बिक्री गर्दा काठको आयतनको आधारमा र जरा ठुटाको बिक्री गर्दा तौलको आधारमा अनुसूची - ११ बमोजिमको दस्तुरमा नघटाई बोल कवोलको माध्यमबाट प्रतिस्पर्धा गराई गर्नु पर्नेछ।

(२) खयर (गोलिया) काठको आयतन मापन गर्दा पलास (स्याप्उड) सहित मापन गर्नुपर्नेछ ।

७२. **<u>वन पैदावारको बिगो कायम गर्ने:</u>** (१) वनक्षेत्रमा हानी नोक्सानी भई ठुटामात्र भएको तर काठ फेला नपरेको अवस्थामा बिगो कायम गर्नु पर्दा अनुसूची – ३२ बमोजिम ठूटाबाट काठको आयतन निकाली अनुसूची - ११ बमोजिमको दस्तुरले गुणन गरी बिगो कायम गर्नु पर्नेछ।

(२) केही काठ र ठूटा फेला परेको अवस्थामा ठूटालाई नै आधार मानी आयतन निकाली अनुसूची - ११ बमोजिमको दस्तुरले गुणन गरी बिगो कायम गर्नु पर्नेछ।

(३) ठूटा फेला नपरी चिरान काठमात्र फेला परेको अवस्थामा चिरान काठलाई १.४ ले गुणन गरी गोलिया काठको आयतन कायम गरीनेछ।

(४) जडीबुटीको बिगो कायम गर्दा फेला परेको वा वरामद भएको परिमाणलाई अनुसूची – ३६ को दस्तुरले गुणन गरी बिगो कायम गर्नु पर्नेछ।

(५) जडीबुटी बाहेकका अनुसूची - ३७ मा उल्लेखित अन्य वन पैदावारको हकमा सोही अनुसूचीमा उल्लेखित दस्तुरले गुणन गरी बिगो कायम गर्नु पर्नेछ।

७३. <u>पुरानो काठ दाउराको व्यवस्थापनः</u> (१) डिभिजन वन कार्यालयको कार्य क्षेत्र भित्रको विभिन्न घाटगद्दीमा लिलाम बिक्री नभई वा अन्य कुनै कारणले लामो समयसम्म रहेका पुरानो काठ दाउरा व्यवस्थापन गर्न देहाय बमोजिमको एक पुरानो काठ दाउरा व्यवस्थापन समिति रहनेछः-

(क) निर्देशक, - संयोजक

(ख) प्रमुख, प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालय - सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

(घ) जिल्ला प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

(ङ) सम्बन्धित डिभिजनल वन अधिकृत -सदस्य सचिव

**स्पष्टीकरणः** यस नियमको प्रयोजनको लागि "पुरानो काठ" भन्नाले साल जातको काठको हकमा घाटगद्दीमा आएको पाँच वर्ष वा सो भन्दा बढी समयसम्म रहेको र अन्य जातको काठको हकमा घाटगद्दीमा आएको तीन वर्ष वा सो भन्दा बढी समयसम्म रहेको काठलाई जनाउने छ र दाउराको हकमा गाटगद्दीमा तीन वर्ष वा सो भन्दा बढी अवधिसम्म रहेको जुनसुकै प्रजातीको दाउरालाई पुरानो दाउरालाई जनाउनेछ।

(२) उपनियम (१) बमोजिमको पुरानो काठ दाउरा व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) काठ दाउराको पहिचान गरी स्रोत खुलेको र नखुलेको वर्गीकरण गर्ने,

(ख) लामो समयसम्म काठ दाउरा घाटगद्दीमा रहनुको कारण पत्ता लगाई डिभिजन वन अधिकृतलाई आवश्यक निर्देशन दिने,

(ग) लामो समयसम्म घाटगद्दीमा रहेको काठ दाउराको पुनः नाप जाँच र ग्रेडिङ्ग गर्ने,

(घ) नाप जाँचको आधारमा काठ दाउरा अनुसूची - ११ बमोजिमको मूल्यमा पनि बिक्री नहुने देखिएमा सो भन्दा कम हुने गरी मूल्य कायम गर्ने,

(ङ) खण्ड (ग) र (घ) बमोजिम नाच जाँच तथा मूल्याङ्कनको आधारमा तत्काल बिक्री वितरण गर्न डिभिजन वन कार्यालयलाई निर्देशन दिने,

(च) खण्ड (घ) बमोजिमको मूल्य कायम गरी लिलाम बिक्रीको लागि बोलपत्र आवह्वान गर्दा पनि कसैले सकार नगरेमा लगत कट्टा गरी अभिलेख राख्ने।

(३) सम्बन्धित अधिकारीले उपनियम (२) को खण्ड (ङ) बमोजिमको निर्देशन प्राप्त भएको मितिले एक महिनाभित्र काठ दाउरा बिक्री वितरणको व्यवस्था मिलाउनु पर्नेछ।

७४. **मिनाहा गर्न सक्नेः** (१) सङ्कलन भई घाटगद्दीमा रहेको काठ दाउरा आगलागी वा बाढी पहिरो वा कुनै प्राकृतिक प्रकोपको कारणले हानी नोक्सानी हुन गएमा प्रदेश सरकारले मिनाहा गर्न सक्नेछ।

(२) डिभिजनल वन अधिकृले उपनियम (१) बमोजिमको मिनाहको लागि देहाय बमोजिमका कागजात संलग्न गरी निर्देशनालयको सिफारिस सहित मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछः-

(क) घटनाको मुचुल्का

(ख) जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस,

(ग) नियम ७५ को उपनियम (१) बमोजिमको समितिले स्थलगत निरिक्षण गरी गरेको सिफारिस।

७५. **जोखिमपूर्ण रुखको व्यवस्थापनः** (१) ऐनको दफा ७९ बमोजिम जोखिम हुने रुखहरु सम्बन्धित डिभिजन कार्यालयले नियम ५८ बमोजिम हटाउनेछ ।

## परिच्छेद - १४

## वनस्पति तथा वनस्पति स्रोतको संरक्षण सम्बन्धी व्यवस्था

७६. **जडिबुटी अनुसन्धान केन्द्र र प्रयोगशाला सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारले ऐनको दफा ८५ को उपदफा (१) बमोजिम जडिबुटी अनुसन्धान केन्द्र र दफा ८७ को (१) बमोजिम प्रयोगशाला स्थापना गर्ने सम्बन्धी व्यवस्था त्यस्तो अनुसन्धान केन्द्र र प्रयोगशाला स्थापना गर्ने सम्बन्धी नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिमको नियमावली नबनेसम्म प्रचलित कानुन बमोजिम हुनेछ ।

७७. **वनस्पति उद्यान, हर्बेरियम र प्रयोगशाला स्थापना सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ८५ को उपदफा (३) बमोजिम बनस्पति उद्यान, दफा ८६ बमोजिम हर्बेरियम र दफा ८७ को उपदफा (४) बमोजिम प्रयोगशाला स्थापना गर्न चाहने व्यक्ति वा संस्थाले व्यवसायिक योजना सहित मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन र व्यवसायिक योजना उपयुक्त लागेमा मन्त्रालयले त्यस्तो बनस्पति उद्यान र हर्बेरियम स्थापना गर्न अनुमति दिनेछ ।

## परिच्छेद - १५

## विविध

७८. **गोलिया काठ र बल्लाबल्लीको स्तर (ग्रेड) निर्धारण र वन पैदावारको मूल्य सम्बन्धी व्यवस्थाः** (१) गोलिया काठको स्तर (ग्रेड) निर्धारण, बल्लाबल्ली र दाउराको निर्धारण तथा मापन अनुसूची - ३९ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) राष्ट्रिय वनबाट उत्पादित काठ दाउराको दस्तुर अनुसूची - ११, जडीबुटीको दस्तुर अनुसूची - ३६ र अन्य वन पैदावारको दस्तुर अनुसूची - ३७ मा उल्लेख भए बमोजिम हुनेछ।

७९. **सिमसार क्षेत्रको संरक्षण तथा पर्यापर्यटन विकास सम्वन्धी व्यवस्थाः** (१) रामसार सूचीमा सूचिकृत सिमसार क्षेत्रहरु बाहेक राष्ट्रिय वनक्षेत्र भित्र र बाहिरका खास महत्व राख्ने सिमसार क्षेत्रहरुको संरक्षण, संवर्द्धन र व्यवस्थापन गरी पर्यापर्यटन विकास तथा प्रवर्द्धन गर्न डिभिजन वन कार्यालयले छुट्टै व्यवस्थापन योजना तयार गर्न सक्नेछ।

(२) सम्बन्धित अधिकारीले उपनियम (१) बमोजिमको सिमसार क्षेत्रको व्यवस्थापन योजना निर्देशनालय समक्ष पेश गर्नु पर्नेछ र निर्देशनालयले आवश्यक परिमार्जन सहित स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको योजना स्वीकृत भएमा त्यस्तो योजना डिभिजन वन कार्यालयले कार्यान्वयन गर्नेछ।

८०. **वन विकास कोष सञ्चालन सम्बन्धी व्यवस्थाः** ऐनको दफा ९७ बमोजिमको वन विकास कोषको सञ्चालन तथा व्यवस्थापन कोष सञ्चालन नियमावली बमोजिम हुनेछ ।

८१. **अभिलेख व्यवस्थित गर्नुपर्नेः** (१) ऐनको दफा ९८ बमोजिम डिभिजन वन कार्यालयले आफ्नो क्षेत्रभित्र पर्ने राष्ट्रिय वन र वन व्यवस्थापनसँग सम्बन्धित विषयको अभिलेख राख्ने सम्बन्धी व्यवस्था प्रदेश सरकारबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

८२. **कृषि वन प्रणाली सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ९९ बमोजिम कृषि वन प्रणाली अबलम्बन गर्दा वनक्षेत्रभित्रका खालि, पर्ति चउर, नदी उकास क्षेत्र, झाडी बुट्टयानयुक्त क्षेत्रलाई डिभिजन वन कार्यालयले कृषि वनको रुपमा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको क्षेत्रमा अम्रिसो, नेपियर जस्ता बहुबर्षिय आयमुलक घाँस प्रजाती, क्यामोमाईल, सिट्रोनेला, लेमनग्रास, काउलो, तेजपात जस्ता जडिबुटी/ गैह्रकाष्ठ वन पैदावार, बहुबर्षिय सुगन्धित प्रजातीहरु, चिउरी, बेल, काफल, तिजु, बयर, ऐँसेलु जस्ता फलफुलजन्य प्रजातीहरु, वर, पीपल, समि, गिठी, खिर्रो, रुद्राक्ष, बोधिचित्त, अगरउड जस्ता रुख प्रजातीहरुको रोपण गर्न सकिने छ।

(३) उपनियम (२) बमोजिमका कृषि वन कार्यक्रम न्यून आय भएका स्थानीय उपभोक्तालाई प्राथमिकता दिई सञ्चालन गर्नु पर्नेछ ।

(४) उपनियम (२) बमोजिमको प्रयोजन बाहेक अन्यको प्रयोजनको हकमा प्रदेश सरकारले राष्ट्रिय वन क्षेत्रको भू-उपयोगमा परिवर्तन नहुने गरी मापदण्ड बनाई कृषि वन प्रणाली अबलम्बन गर्न सक्नेछ।

८३. **राहत सम्बन्धी व्यवस्थाः** ऐनको दफा १०१ बमोजिम वन संरक्षण, व्यवस्थापन कार्यमा संलग्न कर्मचारी, उपभोक्ता, श्रमिक वा वन्यजन्तुको आक्रमणबाट पीडित घाईते वा मृतकको हकवालालाई प्रदेश सरकारले देहाय बमोजिमको रकम राहत स्वरुप उपलब्ध गराउन सक्नेछः

(क) सामान्य घाइतेको लागि उपचारको प्रकृति हेरी पेश भएका कागजात र सिफारिसका आधारमा बढीमा बीस हजार रुपैयाँ सम्म औषधोपचार खर्च ।

**स्पष्टिकरण: "सामान्य घाइते"** भन्नाले शरीर अङ्गभङ्ग हुने बाहेक उपचार गर्नु पर्ने अन्य अवस्थाको घाईतेलाई जनाउँछ।

(ख) गम्भिर घाइतेको लागि उपचारको प्रकृति हेरी पेश भएका कागजात र बिशेषज्ञ चिकित्सकको सिफारिसका आधारमा बढीमा दुई लाख रुपैयाँसम्म औषधोपचार खर्च।

**स्पष्टिकरण: "गम्भीर घाइते"** भन्नाले वन्यजन्तुको आक्रमणबाट शरीर अङ्गभङ्ग हुने गरी घाईते भएको अवस्थालाई जनाउँछ।

"तर वन्यजन्तुबाट घाइते हुनेलाई औषधोपचार गर्दा दुई लाख भन्दा बढी खर्च लाग्ने अवस्था भएमा नजिकको जुनसुकै अस्पतालमा आकस्मिक (ईमरजेन्सी) उपचार गराउँदा लागेको खर्च र तत्पश्चात सरकारी अस्पतालमा उपचार गराउँदा लाग्ने सम्पूर्ण खर्च त्यस्तो अस्पतालको सिफारिसमा प्रदेश सरकारले व्यहोर्ने छ ।"

(ग) मृतकको हकवालाको लागि सात लाख रुपैयाँ राहत रकम।

(२) ऐनको दफा १०१ को उपदफा (२) बमोजिम देहायको क्षति भएमा प्रदेश सरकारले देहाय बमोजिमको रकम राहत स्वरुप उपलब्ध गराउन सक्नेछ:

(क) वयस्क भैंसी वा जोत्ने उमेरको राँगो वा गोरु वा उन्नतजातको गाई वा साँढेको मृत्यु भएमा तीस हजार रुपैयाँ सम्म ।

तर पशुधनको बीमा गरेको अवस्थामा बीमा रकम कटाएर राहत उपलब्ध गराइनेछ ।

(ख) खाद्यान्न बालीको क्षतिको क्षेत्रफल र प्रकृति हेरी बढीमा दश हजार रुपैयाँसम्म राहत रकम उपलव्ध गराइनेछ ।

तर, एक मौसममा लगाएको बालीको हकमा एक पटक र वर्षमा दुई पटकमा नबढ्ने गरी राहत रकम उपलब्ध गराइनेछ ।

(३) उपनियम (२) बमोजिमको राहत रकम घटना स्थलको सर्जमित मुचुल्का, सम्बन्धित स्थानिय तह, उपभोक्ता समूहको सिफारिस र सम्बन्धित कार्यालयको क्षति सम्बन्धी प्रतिवेदन र सिफारिस लगायतका कागजातका आधारमा उपलब्ध गराईनेछ ।

(४) अन्य कुनै निकायबाट राहत रकम लिईसकेकाको हकमा यस नियम बमोजिमको राहत रकम उपलब्ध गराईने छैन ।

(५) राहत सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकारबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ।

८४. **वन क्षेत्रभित्रको खोला खोल्सी व्यवस्थापनः** ऐनको दफा ८८ बमोजिम खोला खोल्सी व्यवस्थापन गर्दा उत्पादन भएको नदीजन्य पदार्थको सङ्कलन र बिक्रि वितरण सम्बन्धी व्यवस्था प्रदेश सरकारबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

८५. **सशस्त्र वन रक्षकको परिचालन र व्यवस्थापनः** ऐनको दफा १०३ बमोजिम सशस्त्र वन रक्षकको परिचालन र व्यवस्थापन सम्बन्धी व्यवस्था प्रदेश सरकारबाट स्वीकृत नियमावली बमोजिम हुनेछ।

८६. **वन कामदार सम्बन्धी व्यवस्थाः** (१) वन क्षेत्रमा काम गर्ने कामदार सम्बन्धी व्यवस्था प्रदेश सरकारबाट स्वीकृत निर्देशिका बमोजिम हुनेछ ।

८७. **<u>ड्रेस कोड सम्बन्धी व्यवस्थाः</u>** ऐनको दफा १०५ बमोजिम व्यवस्था गरिएको वन सेवामा कार्यरत कर्मचारीको ड्रेस कोडको ढाँचा र प्रकार अनुसूची - ४० बमोजिम हुनेछ ।

८८. **<u>अनुगमन तथा मुल्याङ्कन सम्बन्धी व्यवस्थाः</u>** (१) निर्देशनालयले ऐनको दफा १०९ बमोजिम अनुगमन तथा मुल्याङ्कन गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अनुगमन तथा मुल्याङ्कनको लागि निर्देशनालयले अनुगमन प्रतिवेदनको ढाँचा मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ ।

८९. **<u>टाँचा तथा सिल सम्बन्धी व्यवस्थाः</u>** (१) राष्ट्रिय वन तथा निजी जग्गाका रुखहरुको कटान तथा ओसार पसार गर्दा टाँचा तथा सिल प्रयोग गर्नुपर्ने छ ।

(२) डिभिजन वन कार्यालयले प्रयोग गर्ने टाँचा र सिल निर्देशनालयले तयार गरी उपलब्ध गराउनु पर्नेछ र निर्देशनालयले सोको विवरण अध्यावधिक गरी राख्नुपर्नेछ।

(३) डिभिजन वन कार्यालयले अनुसूची - ४१ बमोजिमको टाँचा समूहबाट एक हजार रुपैयाँ शुल्क लिई दर्ता गर्नु पर्नेछ र दर्ता भएका टाँचाहरुको अद्यावधिक विवरण तयार गरी निर्देशनालयमा पठाउनु पर्नेछ ।

स्पष्टिकरण: यस उपनियमको प्रयोजनको लागि "समूह" भन्नाले सामुदायिक वन उपभोक्ता समूह र साझेदारी वन व्यवस्थापन समूहलाई जनाउँछ ।

(४) वन पैदावारमा आधारित उद्योगहरुले उत्पादन गरेका वन पैदावारको ओसार पसार गर्दा डिभिजन वन कार्यालयले तोकेको ढाँचामा टाँचा तयार गरी दर्ताका लागि निवेदन दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको टाँचा दर्ताको निवेदन

पर्न आएमा डिभिजनल वन अधिकृतले पाँच हजार रुपैयाँ शुल्क लिई टाँचा दर्ता गर्नुपर्ने छ ।

(६) उपभोक्ता समूहको टाँचाको प्रयोग र सुरक्षाको जिम्मेवारी उपभोक्ता समूहको अध्यक्षको हुनेछ।

(७) उपभोक्ता समूहको टाँचा कुनै कारणवश हराएमा वा नोक्सान भएमा समूहले डिभिजन वन कार्यालयलाई जानकारी गराउनु पर्नेछ र यस्तो अवस्थामा डिभिजन वन कार्यालयले पुरानो टाँचा रद्द गरी नयाँ टाँचा दर्ता गरिदिने छ ।

(८) उपनियम (७) बमोजिम रद्द गरेको पुरानो टाँचा र दर्ता गरेको नयाँ टाँचाको जानकारी सबै निर्देशनालय र डिभिजन वन कार्यालयमा दिनु पर्नेछ ।

(९) डिभिजन वन कार्यालयमा दर्ता भएका टाँचा प्रत्येक वर्ष पाँच सय रुपैयाँ तिरी नवीकरण गराउनु पर्नेछ ।

(१०) टाँचा र सिलको प्रयोग कम्तीमा सहायक पाँचौ तहको प्राविधिक कर्मचारीले गर्नेछ।

(११) यो नियमावली प्रारम्भ भएको मितिले एक वर्षभित्र नयाँ टाँचा र सिल बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

(१२) यो नियम प्रारम्भ हुनुअघि साविक वन विभागबाट जारी भएका टाँचा यसै नियम बमोजिम जारी भएको मानिनेछ ।

९०. **प्रमाणपत्र प्रतिलिपिः** उपभोक्ता समूह वा व्यवस्थापन समिति दर्ताको प्रमाणपत्र हराए वा मासिएमा डिभिजन वन कार्यालयले पाँच सय रुपैयाँ दस्तुर लिई प्रमाणपत्रको प्रतिलिपि उपलब्ध गराउनेछ।

९१. **शुल्क दस्तुर सम्बन्धी विशेष व्यवस्थाः** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएता पनि प्रदेशको सालवसाली आर्थिक ऐनमा

तोकिएको वन पैदावारको शुल्क दस्तुरको हकमा सोही ऐन बमोजिम हुनेछ ।

९२. **यसै नियम बमोजिम हुनेः** (१) यस नियमावलीमा भएका विषयहरु यसै नियम बमोजिम हुने र यस नियमावलीमा लेखिए बाहेकको अन्य विषय प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस अघि प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी लागु गरिएका वन पैदावारको शुल्क दस्तुर यस नियमावली प्रारम्भ भएपश्चात यसै बमोजिम हुनेछ।

## अनुसूची - १

### (नियम ५ को उपनियम (२) सँग सम्बन्धित )

### <u>राष्ट्रिय वनको रणनितिक योजनामा समावेश हुनुपर्ने विषय</u>

१. परिचय

२. वनको सीमाङ्कन

(क) वनको प्रकार

(ख) वनको क्षेत्रफल

(ग) वन क्षेत्रको स्रोतको अवस्था

(घ) प्रमुख नदी, खोला तथा जलाधार क्षेत्र

(ङ) सिमसार क्षेत्र

३. विगतका वन व्यवस्थापन योजना कार्यान्वयनको समीक्षा

४. वन पैदावारको माग र आपूर्तिको अवस्था

५. वन व्यवस्थापनका लक्ष्य तथा उद्देश्यहरु

६. वनस्रोत सर्वेक्षण, विश्लेषण, वन सम्वर्धन प्रणाली तथा व्यवस्थापन

*(क)* वन व्यवस्थापन पद्दति अनुसार वन वृद्धि मौज्दात

*(ख)* वन व्यवस्थापन पद्दति अनुसार वार्षिक प्राप्ति

(ग) वन वाली कटान चक्र तथा पुनरोत्पादन तरिका

७. वन संरक्षण तथा सुरक्षा सम्बन्धी व्यवस्था

(क) अतिक्रमण तथा चोरी निकासी नियन्त्रण

(ख) वन डढेलो नियन्त्रण तथा व्यवस्थापन

(ग) मिचाहा प्रजाती तथा रोग किरावाट नियन्त्रण

(घ) चोरी शिकार तथा गैरकानूनी व्यापार नियन्त्रण

(ङ) वन तथा वन्यजन्तु अपराध नियन्त्रण तथा कानुनी कारबाहीका विषयहरु

(च) अन्य

८. जैविक बिबिधता संरक्षण तथा प्रवर्धन

(क) वन्यजन्तुको हिंडडुल तथा जैविक मार्ग व्यवस्थापन

(ख) सिमसार, वन जलाधार, पानीका मुहान संरक्षण तथा व्यवस्थापन

(ग) लोपोन्मुख एवं दुर्लभ वन्यजन्तु र वनस्पति प्रजातीको संरक्षण तथा व्यवस्थापन

(घ) मानव वन्यजन्तु द्वन्द्ध व्यवस्थन

(ङ) वनक्षेत्र भित्र रहेका धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदाहरुको संरक्षण

९. वन व्यवस्थापन पद्दति

(क) सरकारद्वारा व्यवस्थित वन

(ख) सामुदायिक वन

(ग) साझेदारी वन

(घ) कबुलियती वन

(ङ) धार्मिक वन

(च) वन संरक्षण क्षेत्र

(छ) सार्वजनिक जग्गाको वन तथा निजी वन

१०. वन सम्बर्धन प्रणाली

(क) प्राकृतिक पुनरोत्पादन, विरुवा उत्पादन तथा बृक्षारोपण

(ख) वन सम्बर्धन प्रणाली

(ग) वन सम्वर्धन प्रणाली छनौट गर्ने विधि

(घ) वन सम्वर्धन प्रणाली अनुसार वन वाली उत्पादन तथा पुनरोत्पादन चक्र

११. वन पैदावार उत्पादन तथा आपूर्ति

(क) वन पैदावारहरुको सङ्कलन, बिक्री वितरण

(१) काष्ठ वन पैदावार

(२) जडीबुटी तथा गैरकाष्ठ वन पैदावार

(३) अन्य वन पैदावार

(ख) वन पैदावार ओसारपसार

१२. वन पैदावारमा आधारित उद्योग

(क) वन पैदावारमा आधारित उद्योग

(ख) पर्यापर्यटन

(ग) व्यावसायिक वन्यजन्तु पालन

१३. सिमसार संरक्षण तथा व्यवस्थापन

१४. वन व्यवस्थापन सूचना प्रणाली

(क) वन संरक्षण, व्यवस्थापन प्रणालीमा समूह, डिभिजनस्तरका सूचकहरू

(ख) वन पैदावार उत्पादन, बिक्रीवितरण तथा ओसारपसार सम्वन्धी सूचकहरू

(ग) वन पैदावारमा आधारित उद्योग, रोजगारी सम्वन्धी सूचकहरू

(घ) लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्वन्धी सूचकहरू

(ङ) सिमसार, पानीका मुहान, जैविक विविधता संरक्षण तथा व्यवस्थापनका सूचकहरू

(च) डिभिजन तथा जिल्लास्तरको वन क्षेत्र व्यवस्थापन सूचना व्यवस्थापन प्रणाली स्वचालन

१५. वन संरक्षण तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था

१६. योजना कार्यान्वयन गर्न आवश्यक स्रोत तथा जनशक्ती

१७. अनुगमन तथा प्रतिवेदन

## अनुसूची - २

**(नियम ५ को उपनियम (३) सँग सम्बन्धित )**

**आवधिक योजनाको ढाँचा**

परिचय

पूर्व कार्ययोजनाको समीक्षा

कार्ययोजना तयार गर्दा अपनाईएको विधि

### भाग-१: जिल्लाको सामान्य परिचय

१.१ ऐतिहासिक पृष्ठभूमी

१.२ राजनैतिक विभाजन

१.३ भौगोलिक अवस्था तथा भू-बनौट

१.४ जियोलोजी (खनिज, चट्टान, माटो)

१.५ जल सम्पदा

१.६ जलवायू तथा वर्षा

१.७ भौतिक पूर्वाधारहरु

१.८ भू-उपयोग

१.९ अन्य प्रयोजनका लागि उपलब्ध गराईएका वनक्षेत्रहरुको विवरण

१.१० मौजुदा वन संगठन

१.११ सहयोगी संघसंस्थाहरु

१.१२ वन व्यवस्थापनका समस्या, चुनौती र हालसम्मका सिकाई

### भाग २: वन प्रजाती तथा वन्यजन्तु (Forest flora and fauna)

**२.१ वनको विवरण**

२.१.१ वनको प्रजाती अनुसारको मौज्दात

२.१.२ प्राकृतिक पुनरुत्पादनको अवस्था

२.१.३ वन संरक्षण

**२.२ वन्यजन्तुहरुको विवरण**

२.२.१ स्तनधारी वन्यजन्तुहरु, चराचुरुङ्गी, सरिसृप, माछा आदि

२.२.२ वन्यजन्तुका लागि महत्वपूर्ण स्थानहरु

२.२.३ वन्यजन्तु संरक्षण

## भाग ३: वन सदुपयोग

३.१ जिल्लाको जनसंख्या तथा घरधुरी

३.२ वनजन्य वस्तुहरुको माग र आपूर्तिको अवस्था (वनक्षेत्रमा पर्न सक्ने चापहरु आदि)

३.३ मुख्य वनजन्य प्रजातीहरुको सङ्कलन तरिका तथा त्यसको खर्चहरु

३.४ वन पैदावारमा आधारित उद्योग व्यवसायहरुको विवरण

३.५ वन पैदावारको बिक्री वितरण

३.६ ढुंगा, गिटी, बालुवा सङ्कलन

३.७ खनिज/उत्खनन् उद्योगहरुको विवरण

३.८ व्यवसायिक कवुलियती वनहरुको विवरण

३.९ अन्य वन पैदावारहरुको उत्पादन, विक्रि वितरण

## भाग ४: वन व्यवस्थापन कार्ययोजना

४.१ वन व्यवस्थापन कार्ययोजनाको अवधि

४.२ लक्ष्य तथा उद्देश्य

४.३ उद्देश्य पूरा गर्ने कार्यनीतिहरु

४.४ प्रस्तावित कार्यक्रमहरु

४.४.१ सरकारद्वारा व्यवस्थित वन व्यवस्थापन कार्यक्रम

४.४.२ संरक्षित वन व्यवस्थापन कार्यक्रम

४.४.३ समुदायमा आधारित वन व्यवस्थापन (सामुदायिक वन, साझेदारी वन कवुलियती वन र धार्मिक वन) कार्यक्रम

४.४.४ वन संरक्षण कार्यक्रम

४.४.५ कृत्रिम तथा प्राकृतिक पुनरुत्पादन कार्यक्रम

४.४.६ सार्वजनिक तथा निजी वन प्रवर्द्धन एवं उद्यम विकास सहयोज कार्यक्रम

४.४.७ ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण क्षेत्रको संरक्षण एवं विकास कार्यक्रम

४.४.८ भू-तथा जलाधार संरक्षण कार्यक्रम

४.४.९ वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम

४.४.१० प्रचार प्रसार कार्यक्रम

४.४.११ विशेष आयमूलक कार्यक्रम

४.४.१२ जलवायू परिवर्तन व्यवस्थापन सहयोगी कार्यक्रम

४.४.१३ भौतिक पूर्वाधार निर्माण कार्यक्रम

४.४.१४ जनशक्ति व्यवस्थापन (स्थायी/अस्थायी) कार्यक्रम

४.४.१५ मानव वन्यजन्तु द्वन्द्द न्यूनीकरण सहयोग कार्यक्रम

४.४.१६ वजेट व्यवस्थापन

## भाग-५: उपलब्धी, अनुगमन तथा समन्वय

५.१ प्राप्त हुने राजश्वको विवरण

५.२ कार्यक्रम कार्यान्वयनको उपलब्धी

५.३ रोजगारीका अवसर र गरिबी निवारणमा योग्दान

५.४ अनुगमन कार्ययोजना

५.५ समन्वय योजना

५.६ कार्ययोजना संशोधन

५.७ प्रतिवेदन/जाहेरी

५.८ विविध

| नक्शाहरु | |
|---|---|
| **सि.नं.** | **विवरण** |
| १ | जिल्लाको राजनीतिक विभाजन सहितको डिभिजन वन कार्यालय र सव-डिभिजन वन कार्यालयहरुको कार्यक्षेत्र विभाजन गरिएको नक्शा (Location Map) |

| | |
|---|---|
| २ | वनक्षेत्र, कृषि क्षेत्र लगायतको भू-उपयोगको नक्शा (Landuse Map) |
| ३ | गैह्रकाष्ठ वन पैदावारहरुको उपलब्धता अनुसारको नक्शा (Map showing the Potential area of NTFPs ) |
| ४ | ईकोलोजिकल क्षेत्र अनुसारको वनको किसिमहरु देखाईएको नक्शा |
| ५ | सामुदायिक वन, कवुलियती वन, धार्मिक वन, साझेदारी वन, संरक्षित वन, संरक्षित क्षेत्र, निजी वन आदि देखाईएको नक्शा |
| ६ | उपलब्ध हुन सकेमा वन अतिक्रमण भएको क्षेत्रको पुरानो तथा नयाँ क्षेत्रहरुको विवरण देख्न सकिने किसिमको नक्शा । वन क्षेत्रले ढाकेको र पछि परिवर्तन भएको क्षेत्रको Change detection गरि तयार गरिएको विभिन्न चरणका नक्शाहरु |
| ७ | वन तथा वन्यजन्तु चोरी निकासी हुने नाकाहरुको रेखाँङ्कन तथा लोकेशनहरुको जि.पि.एस. रेकर्ड गरिएको नक्शा |
| ८ | वन डढेलो जोखिम क्षेत्र छुट्ट्याएको नक्शा (Forest Fire Hazard Mapping) |
| ९ | अन्य आवश्यक नक्शाहरु: विशेष व्यवस्थापनको लागि जस्तै भू-क्षय जोखिम क्षेत्र, वन क्षयिकरण (Forest degradation), मानव-वन्यजन्तु द्वन्द्वग्रस्त क्षेत्रहरु । |
| १० | जिल्ला भित्रको मुख्य खोला, नदीहरुको उदगम देखि जिल्ला स्थित अन्तिम निकासको स्थान समेत देखिने नक्शाहरु |

| अनुसूचीहरु | |
|---|---|
| **सि.नं.** | **विवरण** |
| १ | वनको किसिम र प्रजाती अनुसारको पुनरुत्पादन सर्वेक्षणको विवरण |
| २ | जिल्ला भित्र रहेका अनुसन्धान तथा विउ उत्पादनको लागि भएका प्लटहरु जस्तै विउ वगैंचा (Seed orchard/Seed stand) आदिको स्थान क्षेत्रफल प्रजाती तथा हालसम्मका स्थिति विवरण |

| | |
|---|---|
| ३ | काठ दाउराको वर्तमान बिक्री  सम्बन्धी विवरण |
| ४ | सामुदायिक वन, कवुलियती वन, धार्मिक वन, साझेदारी वन, संरक्षित वन, संरक्षित क्षेत्र, निजी तथा सार्वजनिक वन विकासको रुपमा व्यवस्थापन भएको वनहरुको क्षेत्रफल, हस्तान्तरण मिति, लाभान्वित घरधुरी संख्या आदिको विवरण |
| ५ | अन्य प्रयोजनका लागि भोगाधिकार/हक हस्तान्तरण भएको वन क्षेत्रहरुको विवरण |
| ६ | वन अतिक्रमण सम्बन्धी विस्तृत विवरण |
| ७ | वन तथा वन्यजन्तु सम्बन्धी अपराधहरुको अद्यावधिक विवरण (विगतको ५ वर्ष सम्मको तथ्याङ्कलाई तुलना गरेको विवरण) |
| ८ | जिल्लामा सुरु देखि हालसम्म भएको वृक्षारोपणको क्षेत्रफल हे. र वृक्षारोपणको अद्यावधिक स्थितिको विवरण |
| ९ | जिल्लामा भएका स्थायी/अस्थायी नर्सरीहरुको स्थान, क्षमता तथा अवस्था खुलेको विवरण |
| १० | जिल्लाबाट सङ्कलन भई बिक्री वितरण भएको काठ दाउरा जडिबुटी ढुङ्गा गिट्टी बालुवा आदिको उत्पादन परिमाण तथा बिक्री भई आएको राजश्व परिमाणको सुरु देखि हालसम्मको अद्यावधिक तथ्याँङ्क विवरण |
| ११ | जिल्लामा संचालित आयोजना, योजनाहरु सञ्चालन भएको अवधि तथा मुख्य उपलब्धीहरु |
| १२ | अन्य विशेष विवरणहरु जस्तै विशेष रुख प्रजातीका विवरणहरु, कर्तव्यको सिलसिलामा ज्यान गुमाएका कर्मचारीहरुको विस्तृत विवरण, वन डढेलो तथा मानव वन्यजन्तु द्वन्द्वबाट भएको जनधनको क्षतिको विवरण आदि । |

अन्य आवश्यक विषयहरु

## अनुसूची - ३

**(नियम ७ को उपनियम (१) सँग सम्बन्धित )**

## वन, वनस्पति तथा वन्यजन्तुका लागि अध्ययन, अनुसन्धान र नमूना सङ्कलन गर्न लाग्ने बार्षिक दस्तुर

क) वन क्षेत्रमा अध्यन अनुसन्धान (Non Distructive)

१ हेक्टर भन्दा कम — रु ५,०००।-

१ हेक्टर देखि ३ हेक्टर सम्म - रु १०,०००।-

३ हेक्टर भन्दा बढी ५ हेक्टर सम्म- रु १५,०००।-

५ हेक्टर भन्दा बढी जतिसुकै भएपनि- मन्त्रालयको निर्णय अनुसार

ख) वनस्पति

बनस्पतिको भाग-पात प्रति किलो १५ रुपैयाँ

बनस्पतिको भाग-डाठ प्रति किलो ३० रुपैयाँ

बनस्पतिको भाग-जरा प्रति किलो ६० रुपैयाँ

बनस्पतिको पूरैभाग-३ फिट सम्मको वनस्पति प्रति गोटा ३५ रुपैयाँ

बनस्पतिको पूरैभाग-३ फिट भन्दा बढी ७ फिट सम्मको वनस्पति प्रति गोटा १५० रुपैयाँ

बनस्पतिको पूरैभाग-७ फिट भन्दा बढी उचाईको वनस्पति प्रति गोटा ७५० रुपैयाँ

ग) वन्यजन्तु

रगत-१० मिलिलिटर सम्म २०० रुपैयाँ

रौं- ५ ग्राम सम्म २०० रुपैयाँ

पिसाव- १०० रुपैयाँ

दिसा- ५० रुपैयाँ

सिंङ- पूरै २५०० रुपैयाँ

सिंङ- नमूना १०० ग्राम सम्म ५०० रुपैयाँ

दात/वंगारा/हड्डी/छाला-प्रति गोटा १००० रुपैयाँ
मासु- १ किलो सम्म २००० रुपैयाँ
सिंगै वन्यजन्तु- मन्त्रालयको निर्णय अनुसार

**नोटः** मन्त्रालय वा अन्तर्गतका निकायहरुको हकमा कुनै शुल्क लाग्ने छैन । सचिवले आवश्यक ठानेका अध्ययन अनुसन्धानको लागि पुरै वा आँशिक रुपमा शुल्क छुट दिन सक्नेछ । सिंह, दात/वंगारा/हड्डी/छाला र मासु मृत वन्यजन्तु वा बरामद आखेटोपहारबाट मात्र उपलब्ध गराउनु पर्नेछ ।

## अनुसूची -४

## (नियम ८ को उपनियम (१) संग सम्बन्धित)

## चकला/सरकारबाट व्यवस्थित वनको कार्ययोजनामा समाबेश हुनु पर्ने विषयहरु

संक्षिप्त शब्दहरुको सूची

योजनाको साराँश

**भाग १ परिचय**

- वनको ऐतिहासिक पृष्ठभूमि
- भौगोलिक स्थिति र पहुँच
  - अक्षांस र देशान्तर
  - टोपोग्राफी
  - वनको सिमाना तथा अवस्थिति
- क्षेत्रफल
- भू-बनौट तथा माटो
- हावापानी
- नदीनाला, ताल तथा खोलाको बिवरण
- भू-उपयोग
- वनको अवस्था
- वनको किसिम र प्रजाती समिश्रण
- वनको बर्गीकरण
- वनको वर्तमान अवस्था
  - पुनरुत्पादनको अवस्था
  - संचिति मौज्दात (Growing stock)
  - वनको औसत बृद्धी दर
- वन पैदावार सङ्कलनको अवस्था
- वन अतिक्रमण तथा चोरी निकासी/शिकारीको अवस्था

मुख्य वनस्पती तथा वन्यजन्तुको स्थिति

**भाग २ वन व्यवस्थापन योजना**

दुरदृष्टी

उद्देश्य

वन व्यवस्थापन रणनीति

व्यवस्थापन योजना तयारी प्रक्रिया तथा विधि

योजनाको सीमितता

वन संवर्द्धन प्रणाली, बाली चक्र र पुनरुत्पादन अवधि

ब्लक, कम्पार्टमेन्ट तथा सब-कम्पार्टमेन्ट बिभाजन

वन संवर्द्धनका क्रियाकलापहरु

पुनरुत्पादन कटान

पुनरुत्पादन तयारी कटान

पत्ल्याउने, हाँगा काट्ने तथा सुधार कटान

पुनरुत्पादन अभिबृद्धी कार्यक्रम

कटान पश्चातको फोहर हटाउने

जैविक विविधता संरक्षण

गैह्रकाष्ठ वन पैदावार व्यवस्थापन

ढलापडा रुखहरुको सङ्कलन

वन संवर्द्धनका क्रियाकलाप कार्यान्वयन कार्य तालिका

बार्षिक रुपमा उत्पादन हुने वन पैदावारको अनुमानित परिमाण

वन संरक्षण

वन डढेलो नियन्त्रण

वन अतिक्रमण नियन्त्रण

चोरीकटानी तथा चोरी शिकारी नियन्त्रण

चरिचरण नियन्त्रण/ब्यवस्थापन

**अन्य वन विकास तथा व्यवस्थापनका क्रियाकलापहरु**

अग्निरेखा निर्माण तथा मर्मत संभार र स्तरोन्नति

अग्निरेखा निर्माण, अग्निरेखाको झाडी सफाई, अग्निरेखाको डिलमा मार्कर राख्ने, स्टोन पिचिङ, काठे पुल निर्माण, ह्युम पाइप राख्ने, लुज स्टोन चेकड्याम आदि

घाटगद्दी व्यवस्थापन

खहरे तथा पानी निकास व्यवस्थापन

वन क्षेत्रको खाली जग्गा व्यवस्थापन

पानीका मुहान, पोखरी निर्माण सिमसार, जलाधार संरक्षण तथा भू-क्षय नियन्त्रण

जलवायुजन्य जोखिम न्यूनीकरण तथा अनुकूलनका उपायहरू

वाच टावर निर्माण

जैविक मार्ग ब्यवस्थापन, मानव वन्यजन्तु द्वन्द्व न्युनिकरण कार्यक्रम, वातावरणिय सेवा भुक्तानी

कट स्लोप व्यवस्थापन आदि।

वन व्यवस्थापनबाट प्राप्त हुने अनुमानित राजश्व

योजना कार्यान्वयनको लागि आवश्यक पर्ने जनशक्ती

योजना कार्यान्वयनका लागि आवश्यक खर्च

राजश्व बाँडफाँट

**भाग ३ कार्यक्रम ब्यवस्थापन**

अनुगमन तथा मुल्याँकन

बजार व्यवस्थापन

**भाग ४ विविध**

दश बर्ष पछिको वनको अवस्थाको प्रक्षेपण

वित्तीय बिश्लेषण

रोजगारीका अवसर र गरिबी निवारणमा योगदानको प्रक्षेपण

ब्यवस्थापन योजनाको पुनरावलोकन तथा संशोधन

वातावरणीय प्रभाव मुल्याँकन

तर्कपूर्ण खाका

दश बर्षे कार्यक्रम

ब्यवस्थापन योजना कार्यान्वयन गर्ने स्रोत

ब्यवस्थापन योजना कार्यान्वयनमा जोखिम

अन्य आवश्यक बिषयहरु

**अनुसूचिहरु**

१(क) वनको अवस्थिति (गुगल अर्थमा)

(ख) वनको बस्तुस्थिति देखाइएको नक्सा

(ग) ब्लक, कम्पार्टमेन्ट र सबकम्पार्टमेन्ट छुटयाउने रेखा देखाईएको नक्सा

(घ) नमुना प्लट देखाईएको नक्सा

(ङ) वन संवर्द्धन तथा व्यवस्थापनका क्रियाकलाप देखाइएको नक्सा

(च) पुनरुत्पादन कटान गर्ने सबकम्पार्टमेन्टको रुखहरुको अवस्थिति देखाईएको नक्सा

२ वनको सिमाना सर्वेक्षणको कोअर्डिनेट (फिल्डबुक)

३ नमुना प्लट तथा सबकम्पार्टमेन्ट बिभाजक रेखाको कोअर्डिनेट

४ व्यवस्थापन योजनाको बित्तीय बिश्लेषण

५ अन्य आवश्यक कुराहरु

**सन्दर्भ सामग्रीहरुको सूची**

# अनुसूची - ५
## (नियम ९ को उपनियम (१) सँग सम्बन्धित )
## संरक्षित वनको कार्ययोजनामा समावेश हुनुपर्ने विषय

१.१ पृष्ठभुमि

१.२ संरक्षित वन क्षेत्रको कार्ययोजनाका मान्यताहरु

१.३ अध्ययन विधि

१.३.१ संरक्षित वन व्यवस्थापन योजना बनाउँदा अपनाइएको कार्यविधिहरु

१.३.१.१ दोस्रो स्रोतबाट उपलब्ध जानकारीको पुनरावलोकन

१.३.१.२ प्रथम  स्रोतबाट विवरण सङ्कलन

१.४ सन्दर्भ सामग्रीको पुनरावलोकन

१.४.१ वन क्षेत्रको नीति र कार्यनीतिहरुको पुनरावलोकन

१.४.१.१ वन क्षेत्रसँग सम्बन्धित  अन्तर्राष्ट्रिय क्षेत्रमा भए गरेका महासन्धिहरु

१.४.१.२ सिमसार क्षेत्रको अन्तर्राष्ट्रिय महत्वको महासन्धि

